वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०८०/०८१



नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

चितवन राष्ट्रिय निकुञ्ज कार्यालय

कसरा, चितवन

२०८२ असार



नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

चितवन राष्ट्रिय निकुञ्ज कार्यालय

कसरा, चितवन

वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०८०/०८१

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

चितवन राष्ट्रिय निकुञ्ज कार्यालय

कसरा, चितवन

वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०८०/०८१

सम्पादन

व.सं.अ. डिल बहादुर पुर्जा पुन

सं.अ. महेश न्यौपाने

सम्पादन सहयोगी

व.प.चि. डा. विजय कुमार श्रेष्ठ

सं.अ. अरविन्द यादव

सं.अ. अविनाश थापा मगर

सं.अ गणेश प्रसाद तिवारी

सं.अ. शान्त बहादुर मगर

सं.अ. दिवेश श्रेष्ठ

सं.अ सुजिता श्रेष्ठ

सं.अ मधु नेपाली

तयार गर्ने

रेञ्जर सिताराम फुयाल

रेञ्जर छत्र बहादुर खड्का

रेञ्जर ममता शर्मा

फोटोहरू

सं.अ. अरविन्द यादव

सं.अ. अविनाश थापा मगर

सं.अ गणेश प्रसाद तिवारी

सं.अ. शान्त बहादुर मगर

सं.अ. दिवेश श्रेष्ठ

सं.अ सुजिता श्रेष्ठ

रेञ्जर सिताराम फुयाल

रेञ्जर छत्र बहादुर खड्का

रेञ्जर स्मृती लामा

प्रकाशक

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

चितवन राष्ट्रिय निकुञ्ज कार्यालय

कसरा, चितवन

ईमेल : info@chitwannationalpark.gov.np

वेवसाईट : www.chitwannationalpark.gov.np

प्रकाशक : चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा, चितवन
प्रतिलिपि अधिकार : २०८०, चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा, चितवन
प्रकाशन प्रति : १००
आवरण फोटो :
सम्पर्क ठेगाना : चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा, चितवन
सम्पर्क नं. :
ईमेल : info@chitwannationalpark.gov.np
वेवसाईट : www.chitwannationalpark.gov.np

दुई शब्द

९५२.६३ बर्ग कि.मी. क्षेत्रफलमा फैलिएर रहेको चितवन राष्ट्रिय निकुञ्ज नेपालको पहिलो राष्ट्रिय निकुञ्जको रूपमा वि.सं. २०३० साल असोज ४ गते (सन् १९७३ सेप्टेम्बर २०) मा स्थापना भएको हो । यस निकुञ्जको मध्यवर्ती क्षेत्र वि.सं. २०५३ साल मंसिरमा घोषणा गरिएको थियो ।

आ.व. २०८०/०८१ मा चितवन राष्ट्रिय निकुञ्जको जैविक विविधता तथा वन्यजन्तुको वासस्थान व्यवस्थापन अन्तर्गत घाँसे मैदान निर्माण तथा व्यवस्थापन, पानी पोखरी निर्माण तथा सरसफाई, सिमसार क्षेत्र व्यवस्थापन, पानी पोखरीमा सोलार सहितको बोरिङ्ग जडान, मिचाहा प्रजाति नियन्त्रण, अग्नी रेखा निर्माण लगायतका कार्यहरू सञ्चालन गरिएको छ । निकुञ्ज र स्थानीय बासिन्दा बीच सहकार्य कायम गर्न विभिन्न दिवस समारोह, जनचेतना मुलक कार्यक्रम, अन्तरक्रिया गोष्ठी, तालिम, संरक्षण सम्बन्धी प्रचार प्रसार जस्ता कार्यक्रमहरू सञ्चालन गरिएको छ । निकुञ्जको मध्यवर्ती क्षेत्रमा २१ वटा उपभोक्ता समिति, १ वटा उपसमिति मार्फत संरक्षण र विकासका कार्यक्रमहरू सञ्चालन गरिएका छन । मानव- वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि राष्ट्रिय निकुञ्ज तथा आरक्ष आयोजना र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग (मध्यवर्ती कार्यक्रम) बाट स्वीकृत भएको कार्यक्रम तथा बजेट अनुसार द्वन्द्व प्रभावित क्षेत्रमा पि.सि.सि. सहितको मेषजाली निर्माण, सोलार आउटडोर ल्याम्प जडान जस्ता कार्यहरू गरिएका छन भने वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण र टुहुरा भएका बालबालिकाहरूलाई छात्रवृत्ति वितरण गरिएको छ । समस्याग्रस्त वन्यजन्तु व्यवस्थापनको लागि उद्दार केन्द्र निर्माण तथा व्यवस्थापन र बाघको खोर निर्माण गरिएको छ ।

चोरी शिकार नियन्त्रणका लागि नियमित गस्ती, पेट्रोलिङ्ग, स्वीप अपरेशन, एम्बुसिङ्ग, चेकजाँच, सि.सि. क्यामरा जडान तथा सञ्चालन, सुराकी परिचालन, विशेष सर्च अपरेशन लगायतका गतिविधिहरू संचालन गरिएका छन् । यद्यपी यस्ता समस्या र चुनौती न्यूनीकरण गर्न र निकुञ्ज संरक्षणप्रति अपनत्व अभिवृद्धि गर्न स्थानीय सरकार, स्थानीय जनसमुदाय, उपभोक्ता समिति, समूह, सुरक्षा निकाय, अन्य सरकारी निकाय, दातृ निकाय लगायतका सम्बन्धित सरोकारवालाहरूसंग नियमित समन्वय र सहकार्यमा विभिन्न कार्यक्रम र गतिविधिहरू सञ्चालन गरिदै आईएको छ । स्थानीय सरकार मार्फत मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन, वन्यजन्तुको संरक्षण तथा मध्यवर्ती क्षेत्र विकास कार्यक्रम कार्यान्वयनमा भएको सहयोग उल्लेखनीय छ । राष्ट्रिय प्रकृति संरक्षण कोष-जैविक विविधता संरक्षण केन्द्र, सौराहा, तराई भू-परिधि कार्यक्रम र जेड.एस.एल नेपाल कार्यक्रमको सहयोग उल्लेखनीय रहेको छ ।

आ.व. २०८०/०८१ मा सञ्चालित आयोजना अन्तर्गत राष्ट्रिय निकुञ्ज तथा आरक्ष आयोजना, हात्तीसारहरू आयोजना र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग कार्यक्रमको समग्र प्रगति (वित्तीय र भौतिक) सन्तोषजनक रहेको छ । कार्यालयको बार्षिक लक्ष्य हासिल गर्न अहोरात्र खटिने कर्मचारी, निकुञ्ज सुरक्षार्थ खटिएको नेपाली सेना, मध्यवर्ती उपभोक्ता समितिहरू र सहयोगी निकायका साथीहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । अन्तमा, यो प्रतिवेदन तयार गर्न खटिने कर्मचारीहरू योजना अधिकृत (सं.अ.) श्री महेश न्यौपाने, रेञ्जर श्री सिताराम फुयाल लगायत सम्पूर्णलाई विशेष धन्यवाद दिन चाहन्छु ।

(डिल बहादुर पुर्जा पुन)
वरिष्ठ संरक्षण अधिकृत
चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा

विषय सूची

भाग १ : चितवन राष्ट्रिय निकुञ्ज

१.१ निकुञ्जको संक्षिप्त परिचय र कार्य क्षेत्र १

१.२ चितवन राष्ट्रिय निकुञ्जको जैविक विविधता २

१.३. चितवन राष्ट्रिय निकुञ्जको उद्देश्य २

भाग २ : राष्ट्रिय निकुञ्ज संरक्षण तथा व्यवस्थापन

२.१. निकुञ्ज संरक्षण र व्यवस्थापन गतिविधि ४

२.१.१. चोरी शिकार नियन्त्रणका गतिविधिहरू ४

२.१.२ वासस्थान व्यवस्थापन ४

२.१.२.१ घाँसे मैदान व्यवस्थापन ५

१.१.२.२ सिमसार क्षेत्र तथा पानी पोखरी व्यवस्थापन ५

२.१.३ प्रजाति संरक्षण ६

२.१.३.१ घडियाल गोही प्रजनन् केन्द्र ६

२.१.३.२ कछुवा/ठोटरी संरक्षण ९

२.१.३.४ हात्ती प्रजनन् तथा तालिम केन्द्र १०

२.१.३.५ भेटेरीनरी शाखा १०

भाग ३: आर्थिक वर्ष २०८०/०८१ मा भएका प्रमुख कार्यक्रम तथा गतिविधिहरू

३.१ राष्ट्रिय निकुञ्ज तथा आरक्ष आयोजना १२

३.१.१ पोष्ट भवन निर्माण १२

३.१.२ वनपथ ग्राभेलिङ्ग १२

३.१.३ वनपथ निर्माण, मर्मत सम्भार र अग्निरेखा निर्माण १३

३.१.४ काठेपुल मर्मत १३

३.१.५ गोरेटो बाटो मर्मत १४

३.१.६ मेषजाली सहित तारबार निर्माण १५

३.१.७ कलभर्ट निर्माण १५

३.१.८ काठको भ्यू-टावर मर्मत १६

३.१.९ हात्ती/चितुवा प्रभावित क्षेत्रमा सोलार आउटडोर ल्याम्प जडान १७

३.१.१० घाँसे मैदान व्यवस्थापन १७

३.१.११ पानी पोखरीमा बोरिङ्ग सहितको सोलार जडान मर्मत १८

३.१.१२ वन्यजन्तुका खानेपानी पोखरी निर्माण तथा मर्मत १९

३.१.१३ साईनबोर्ड/सूचना बोर्ड निर्माण र मर्मत सम्भार १९

३.१.१४ सार्वजनिक शौचालय निर्माण २०

३.१.१५ बन्दीगृह मर्मत सुधार २०

३.१.१८ कार्यालय भवन मर्मत सुधार २०

३.२ हात्तीसारहरू आयोजना २१

३.२.१ सार्वजनिक सौचालय निर्माण २१

३.२.२ हात्ती/चितुवा प्रभावित क्षेत्रमा सोलार आउटडोर ल्याम्प जडान २१

३.२.३ हात्तीको सेडघर निर्माण २२
३.४ तालीम/गोष्ठी, अन्तरक्रिया तथा अन्य कार्यक्रम २३
३.४.१ कर्मचारी स्तरमा तालीम २३
३.४.२ बाघ दिवस २०२३ २३
३.४.३ विश्व सिमसार दिवस २४
३.४.४ विश्व वन्यजन्तु दिवस (मार्च ३) २४
३.४.५ वन्यजन्तु सप्ताह (वैशाख १-७) २५
३.४.६ बच्चा हात्तीलाई तालीम २५
भाग ४: वन्यजन्तुको मृत्यु, उद्धार र व्यवस्थापन
४.१. वन्यजन्तुको मृत्यु २६
४.१.१ गैंडा २६
४.१.२ बाघ २६
४.१.३ हात्ती २६
४.१.४ घडियाल गोही २६
४.१.५ अन्य वन्यजन्तु २६
४.२. वन्यजन्तु नियन्त्रण, उद्धार र व्यवस्थापन २६
भाग ५ : मुद्दा र वन्यजन्तु अपराध नियन्त्रण
५.१. मुद्दा सम्बन्धी विवरण २८
५.२. जिल्ला स्तरीय वन्यजन्तु अपराध नियन्त्रण ईकाईको बैठक २८
भाग ६ : पर्या-पर्यटन
६.१. पर्यटन सम्बन्धी विवरण २९
भाग ७ : राजश्व तथा बेरुजु सम्बन्धी विवरण
७.१ राजश्व सम्बन्धी विवरण ३०
७.२ बेरुजु सम्बन्धी विवरण ३०
भाग ८ : प्रशासनिक विवरण
८.१ सांगठनिक संरचना ३१
भाग ९ : अन्य विविध
९.१ अध्ययन अनुसन्धान अनुमति तथा चलचित्र छायाँकन अनुमति ३२
९.२. मूख्य संरक्षणका साझेदार संस्थाहरूको संरक्षण र व्यवस्थापनमा सहभागिता ३२
९.३. ईन्टर्नशीप ३२
९.४. वन्यजन्तुको अनुगमन ३२
भाग १० : मध्यवर्ती क्षेत्र व्यवस्थापन
१०.१. चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रको संक्षिप्त परिचय ३४
१०.२ नीति तथा उद्देश्य ३५
१०.३ संगठन संरचना ३५
१०.४ मध्यवर्ती क्षेत्रका कार्यक्रम ३५
१०.४.१ उपभोक्ता समितिको बर्गीकरण र बजेट विनियोजन तथा निकासा ३५
१०.४.१.१ संरक्षण कार्यक्रम ३६

१०.४.१.२ सामुदायिक विकास ३६
१०.४.१.३ आयआर्जन तथा सिप ३७
१०.४.१.४ संरक्षण शिक्षा ३८
१०.४.१.५ प्रशासनिक खर्च ३८
१०.५ मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण ३८
१०.६ क्षतिपूर्ती तथा राहत ३८
१०.६.१ वन्यजन्तुबाट भएको क्षति तथा राहत ३९
१०.७ मध्यवर्ती क्षेत्रको वन व्यवस्थापन ३९
१०.७.१ मध्यवर्ती क्षेत्रको वन ३९
१०.७.२ मध्यवर्ती सामुदायिक वन ४०
१०.७.३ निजी वन ४०
१०.७.४ कबुलियती वन ४०
१०.८ निकुञ्जको मध्यवर्ती क्षेत्रमा वन अतिक्रमण व्यवस्थापन ४०
१०.९ कार्यक्रमको अनुगमन ४१
१०.१० युवा जागरण अभियान ४१
१०.११ निजी आवादीको वन पैदावार व्यवस्थापन ४१
१०.१२ मध्यवर्ती क्षेत्रमा उद्योग स्थापना ४२

अनुसूचीहरू

अनुसूची १ : वार्षिक प्रगति प्रतिवेदन ४३
अनुसूची २ : हात्तीको विवरण ५२
अनुसूची ३ : Detail of Gharials translocating/ Released in 2080/81 ५४
अनुसूची ३ (क) : घडियाल संरक्षण प्रजनन् केन्द्रमा प्रजनन् भएका घडियाललाई देशका मूख्य नदीहरुमा छोडिएको विवरण ५५
अनुसूची ४ : वन्यजन्तु उद्दार सम्बन्धी विवरण (२०८०/०८१) ५७
अनुसूची ४ (क) : आ.व. २०८०/०८१ को वन्यजन्तुको उद्दार सम्बन्धिको विवरण ७६
अनुसूची ५ : वन्यजन्तु मृत्यु सम्बन्धी विवरण ७७
अनुसूची ५ (क) : आ.व. २०८०/०८१ को वन्यजन्तुको क्षति सम्बन्धिको विवरण ८१
अनुसूची ५ (ख) : Rhino's Death Record (FY : 2080/081) ८२
अनुसूची ६ : पोष्टहरूको विवरण ८५
अनुसूची ७ : निकुञ्जमा हालसम्म तेनाथ भएका गण/गुल्मको नामावली ८७
अनुसूची ८ : दरबन्दी विवरण ८८
अनुसूची ९ : मुद्दा सम्बन्धी विवरण ९०
अनुसूची ९ (क) : वन तथा वन्यजन्तु अपराध कसुरमा पक्राउ परेका मानिसहरुको विवरण (आ.व. २०८०/०८१) ९५
अनुसूची १० : अवैध क्रियाकलापमा पक्राऊ भएकाको विवरण ९६
अनुसूची ११ : मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका पदाधिकारीहरूको नामावली ९७
अनुसूची १२ : मध्यवर्ती क्षेत्रमा निकाश भएको रकमको विवरण ९८
अनुसूची १३ (क) : चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्रमा भएको मानवीय क्षति आ.व. २०८०/०८१ ९९

अनुसूची १३ (क) : चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्रमा भएको मानवीय क्षति (घाईते) आ.व. २०८०/०८१ १०१
अनुसूची १३ (ख) : घर गोठ क्षतिको विवरण आ.व. २०८०/०८१ १०६
अनुसूची १३ (ग) : भण्डारण गरेको अन्न क्षतिको विवरण आ.व. २०८०/०८१ ११०
अनुसूची १३ (घ) : खाद्यान्न बाली क्षतिको विवरण आ.व. २०८०/०८१ ११२
अनुसूची १३ (ङ) : पशुधन क्षतिको विवरण आ.व. २०८०/०८१ १५८
अनुसूची १३ (च) : आ.व. २०८०/०८१ मा वितरण गरिएको राहत रकम विवरण १७३
अनुसूची १४ : आ.व. २०८०/०८१ मा निर्माण तथा मर्मत गरिएका पानी पोखरीहरूको विवरण १७४
अनुसूची १५ : मध्यवर्ती सामुदायिक वनको विवरण (२०८०।०८१) १७५
अनुसूची १५ (क) : आ.व. २०८०/०८१ मा वन समूहको कार्ययोजना पुनरावलोकन सम्बन्धि विवरण १७८
अनुसूची १६ : निजी वनको विवरण १७९
अनुसूची १७ : कबुलियती वनको विवरण १८१
अनुसूची १८ : मध्यवर्ती क्षेत्रमा गठित सहकारी संस्थाहरूको विवरण १८२
अनुसूची १९ : स्थापना कालदेखि हालसम्मको पर्यटक र राजश्व विवरण १८४
अनुसूची २० : पर्यटक सम्बन्धी विवरण १८६
अनुसूची २१ : अतिक्रमण क्षेत्रको सारांश विवरण १८७
अनुसूची २२ : अध्ययन अनुसान्धान अनुमति (२०८०/०८१) १८९
अनुसूची २३ : चलचित्र छाँयांकनको अनुमति (२०८०/०८१) १९४
अनुसूची २४ : चितवन राष्ट्रिय निकुञ्जमा दर्ता भएका पथ प्रदर्शकको नामावली (आ.व. २०८०/०८१) १९५
अनुसूची २५ : आ.व. २०८०/०८१ मा यस कार्यालयबाट उद्योग दर्ताका लागि सिफारिस गरिएका उद्योगहरु २०७
अनुसूची २६ : होमस्टे सम्बन्धी विवरण २०८
अनुसूची २६ : आ.व. २०८०/०८१ मा यस निकुञ्जमा निर्माण भएका भौतिक पूर्वाधारहरुको विस्तृत विवरण २०९
अनुसूची २७ : आ.व. २०८०/०८१ मा रोजगारी सम्बन्धी विवरण (रोजगारी श्रृजना-श्रमदिन) २१०

भाग १: चितवन राष्ट्रिय निकुञ्ज

१.१ निकुञ्जको संक्षिप्त परिचय र कार्य क्षेत्र

दुर्लभ एक सिंगे गैंडा तथा पाटे बाघको मुख्य बासस्थानको रूपमा रहेको चितवन राष्ट्रिय निकुञ्ज नेपालको पहिलो राष्ट्रिय निकुञ्जको रूपमा वि.सं.२०३० साल असोज ४ गते (सन् १९७३ सेप्टेम्बर २०) स्थापना भएको हो। स्थापनाको समयमा यस राष्ट्रिय निकुञ्जको क्षेत्रफल ५४४ बर्ग कि.मी.रहेको थियो भने बि.सं.२०३४ सालमा यसको क्षेत्रफल विस्तार भै ९३२ वर्ग कि.मी. कायम भएको थियो। त्यस्तै स्थानीय जनताको वन पैदावारको आवश्यकतालाई सरल र सहज रूपमा परिपूर्ति गर्न तथा निकुञ्जबाट प्रभावित वासिन्दाहरूको आर्थिक तथा सामाजिक विकास गर्ने मुल उद्देश्य लिई निकुञ्ज वरिपरिको ७५० वर्ग कि.मी.क्षेत्रलाई बि.सं.२०५३ साल मंसिरमा मध्यवर्ती क्षेत्रको रूपमा घोषणा गरिएको थियो। वि.सं. २०७३ साल कार्तिकमा यस राष्ट्रिय निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रको सिमानामा केही हेरफेर गरिएको थियो। जस अनुसार निकुञ्जको क्षेत्रफल बढेर ९५२.६३ वर्ग कि.मी. र मध्यवर्ती क्षेत्रको क्षेत्रफल ७२९.३७ वर्ग कि.मी. कायम भएको छ। यो निकुञ्ज चितवन, पर्सा, मकवानपुर र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) गरी चार जिल्लामा फैलिएर रहेको छ। राष्ट्रिय निकुञ्जको कूल क्षेत्रफलको ७४.०४% भू-भाग चितवन जिल्लामा, १५.४५% भू-भाग पर्सा जिल्लामा, ६.९७% भू-भाग मकवानपुर जिल्लामा र ३.५४% भू-भाग नवलपरासी जिल्लामा पर्दछ। त्यस्तै यो राष्ट्रिय निकुञ्ज प्रदेशहरू मधेश, बागमती र गण्डकीमा फैलिएर रहेको छ।

नेपालमा चितवन राष्ट्रिय निकुञ्ज स्थापना पश्चात् जैविक विविधता संरक्षणको संस्थागत शुरुवात भएको देखिन्छ। नेपालमा संरक्षणको ईतिहास हेर्ने हो भने यसको अनौपचारिक शुरुवात परापूर्व काल देखि नै भएको पाईन्छ। धार्मिक तथा सांस्कृतिक परम्परा र आस्थाका आधारमा रुख विरुवालाई संरक्षण गर्ने, पुजा गर्ने, वन्यजन्तुलाई देवी देवताको बहानको रूपमा लिने, वन्यजन्तुको शिकार नगर्ने चलन हालसम्म पनि कायम रहेको छ। बि.सं.१९०४ सालमा राणा शासनको शुरुवात देखि बि.सं.२००४ साल सम्म चितवनको जंगललाई नेपालको राजपरिवार, राणाहरू र उनीहरूका विशिष्ठ स्वदेशी तथा विदेशी पाहुनाहरूको लागि शिकार क्षेत्रको रूपमा छुट्याएर भए पनि संरक्षण गरिदै आएको ईतिहास रहेको छ।

उक्त समयमा यस क्षेत्रमा औलोको प्रकोपले गर्दा आदिवासी थारु समुदाय बाहेकका अन्य मानव वस्ती रहेको थिएन। औलो उन्मुलनसंगै पहाडी क्षेत्रका मासिनहरू तराईमा बसाई सर्ने क्रम शुरु भयो भने सोही समयमा नै राणा शासनको समाप्ति समेत भएकोले यहाँको जंगल अतिक्रमणमा तिव्रता आएको पाईन्छ। यसरी जंगल फँडानी गरेर घरहरू बनाउने तथा कृषि योग्य जमिनमा रूपान्तरण गर्ने क्रियाकलापले वन्यजन्तुहरूको बासस्थान संकुचित हुँदै गएको साथै चोरी शिकारीको समेत कारणबाट एकसिंगे गैंडा लगायतका वन्यजन्तुहरूको संख्यामा निकै ह्रास आएको पाइन्छ।

वि.सं.२००७ (सन् १९५०) साल तिर चितवन उपत्यकामा करिब ८०० भन्दा बढीको संख्यामा रहेको अनुमान गरिएको एक सिंगे गैंडा बि.सं.२०२० को दशकमा १०० भन्दा कमको संख्यामा सीमित भएको अनुमान गरियो। उल्लेखित सन्दर्भमा दुर्लभ हुन पुगेका वन्यजन्तुहरूको संरक्षणको आवश्यकता महशुस गरी वि.सं. २०२० (सन् १९६३) मा राप्ती नदी देखि दक्षिणको क्षेत्रलाई गैंडा आरक्षण क्षेत्र घोषणा गरी सशस्त्र वन रक्षकबाट गैंडा गस्तीको शुरुवात गरियो भने वि.सं.२०२९ सालमा "राष्ट्रिय नि कुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९" लागू भए पश्चात् नेपालको पहिलो संरक्षित क्षेत्रको रूपमा चितवन राष्ट्रिय निकुञ्जको स्थापना भै विधिवत रूपमा वन्यजन्तु र यिनीहरूको बासस्थान संरक्षणको शुरुवात भएको हो।

चितवन राष्ट्रिय निकुञ्ज जैविक विविधता संरक्षणको दृष्टिकोणले विश्वमा नेपालको गौरबको रूपमा रहेका छ। एकसिंगे गैंडा, पाटे बाघ, गौरीगाई, जंगली हात्ती तथा घडियाल गोही यस निकुञ्जमा पाईने केही महत्वपूर्ण दुर्लभ वन्यजन्तुहरू हुन। यस निकुञ्ज र यसको मध्यवर्ती क्षेत्र दुर्लभ एकसिंगे गैंडाको महत्वपूर्ण बासस्थान हो। सन् २०१५ मा गरिएको गणना अनुसार यस राष्ट्रिय निकुञ्जमा एकसिंगे गैंडाको संख्या ६०५ वटा रहेको थियो। आ.ब २०७७।७८ मा गरिएको गैँडा गणना अनुसार यस राष्ट्रिय निकुञ्जमा एक सिंगे गैंडाको संख्या बढेर ६९४ वटा पुगेको छ जुन विश्वमै दोश्रो ठूलो संख्या हो। हरेक चार

चार वर्षमा बाघको राष्ट्रिय सर्वेक्षण कार्य गरिदै आएकोमा सन् २०१३ को गणना बमोजिम यस निकुञ्जमा १२० भन्दा बढी प्रजनन् उमेरका वयस्क पाटे बाघ रहेकोमा सन् २०१७-२०१८ मा यस निकुञ्जमा १२८ वटा पाटे बाघ रहेका छन् ।

१.२ चितवन राष्ट्रिय निकुञ्जको जैविक विविधता

प्रजाति	नेपालमा पाइने संख्या	चि.रा.नि.मा पाइने संख्या	प्रतिशत	कैफियत
स्तनधारी	२१२	८६	३३.०१	
पंछी	८९२	६४३	७२.०८	
घस्रने	१२३	४७	३८.२१	
उभयचर	११७	५६	४७.००	
माछा	२३२	१२१	५१.७२	
पाटे बाघ	३५५	१२८	३६.०५	
गैंडा	७५२	६९४	९२.२८	

तालिका १. चितवन राष्ट्रिय निकुञ्जमा पाइने वन्यजन्तुको विविधता

यस निकुञ्जमा विभिन्न किसिमका वन, घाँसे मैदानहरू तथा सिमसार क्षेत्रहरू पर्ने भएकोले यहाँको पारिस्थितीय प्रणालीको विविधता उच्च रहेको पाईन्छ । सन् १९७० को तथ्याङ्क अनुसार यस राष्ट्रिय निकुञ्जको कूल क्षेत्रफल मध्ये ७०% भन्दा बढी क्षेत्र साल बनले ढाकेको थियो भने घाँसे मैदान २०% रहेको थियो । त्यस्तै ७% नदी तटीय वन क्षेत्र र करिब ३% सिमसार क्षेत्रले ओगटेको थियो । सिमसार क्षेत्रहरूमा बीसहजारी ताल, देवी ताल, तमोर ताल, लामिताल, चुरे ताल, शेरा ताल, मुन्डा ताल, लामो ताल, लगायतका ५८ भन्दा बढी ताल तलैयाहरू, नारायणी, राप्ती र रीउ नदीहरू तथा स-साना खोल्सा तथा घोलहरू यस निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रमा पर्दछन् ।

सन् २०१५ मा गरिएको घाँसे मैदानको सर्वेक्षण अनुसार निकुञ्जको करिब १०% भू-भाग घाँसे मैदानले ओगटेको पाइएको छ । घाँसे मैदान खुम्चिनुको मुख्य कारणमा कडा काण्ड भएका रुख विरुवा (Woody vegetation) ले घाँसे मैदानलाई बिस्थापन गर्दै जानु हो । घाँसे मैदानमा भएको Woody vegetation हटाई घाँसे मैदानको पुनर्स्थापना गर्नु आवश्यक देखिन्छ ।

अनुपम भौगोलिक वनावट तथा अद्वितीय जैविक विविधताले भरिपूर्ण यो निकुञ्ज वि.सं.२०४१ (सन् १९८४) मा विश्व सम्पदा सूचीमा सूचीकृत भएको थियो भने निकुञ्जको मध्यवर्ती क्षेत्रमा अवस्थित बिसहजार तथा वरपरका तालहरू रहेको ३२ वर्ग किलो मिटर क्षेत्रलाई वि.सं.२०६० (सन् २००३) मा अन्तराष्ट्रिय महत्वको सिमसार क्षेत्रको रूपमा रामसारमा सूचीकृत गरिएको हो । त्यस्तै गरि सन् २००५ देखि यस निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रमा पर्ने बरण्डाभार क्षेत्रलाई महत्वपूर्ण चराहरूको क्षेत्र IBA (Important Bird and Biodiversity Area) मा राखिएको छ भने सन् २०१५ को फेब्रुअरी ६ मा यो निकुञ्ज बाघ पाईने देशहरूमा CATS (Conservation Assured Tiger Standard) को उपाधि पाउने विश्वको पहिलो निकुञ्ज बनेको हो । त्यस्तै चितवन राष्ट्रिय निकुञ्ज नेपालको तेश्रो पर्यटकीय गन्तव्यको रूपमा रहेको छ ।

१.३. चितवन राष्ट्रिय निकुञ्जको उद्देश्य

यस राष्ट्रिय निकुञ्जको स्थापना एकसिंगे गैंडा संरक्षण गर्ने उद्देश्यले भएको थियो भने नेपालमा वन्यजन्तु संरक्षणको क्षेत्रमा भएका नीतिगत सुधारसंगै संरक्षित क्षेत्रहरूको कार्य क्षेत्र र उद्देश्यमा समेत सोही अनुरूप परिवर्तन भएको छ । सोही बमोजिम यस राष्ट्रिय निकुञ्जको उद्देश्यमा समेत समयानुकूल परिवर्तन भैरहेको छ । चितवन राष्ट्रिय निकुञ्जबाट सम्पादन हुने बार्षिक कार्यक्रमहरूको मूख्य उद्देश्य निम्न अनुसार रहेका छन् :

क. वन्यजन्तु र वनस्पतिको संरक्षण र व्यवस्थापन गर्ने,

ख. वन्यजन्तुहरूको लागि स्थल तथा जलीय पारिस्थितीय प्रणालीको संरक्षण, सुधार र व्यवस्थापन गर्ने,

ग. प्रकृतिमा आधारित पर्यटनको माध्यमबाट स्थानीय समुदायको आर्थिक तथा सामाजिक विकासमा टेवा पुऱ्याउने,

घ. जैविक विविधता संरक्षण र व्यवस्थापन कार्यमा जनसहभागिता जुटाई संरक्षण कार्यलाई दिगो बनाउने,

ङ. स्थानीय जनतामा वन्यजन्तु प्रति अपनत्वको भावना विकास गरी मानव वन्यजन्तु बीच सह-अस्तित्व कायम गर्ने ।

भाग २ : राष्ट्रिय निकुञ्ज संरक्षण तथा व्यवस्थापन

२.१ निकुञ्ज संरक्षण र व्यवस्थापन गतिविधि

यस चितवन राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको संरक्षण तथा व्यवस्थापन कार्य अन्तर्गत जैविक विविधता संरक्षण, वन्यजन्तुको वासस्थापन व्यवस्थापन, प्रजाति संरक्षण तथा व्यवस्थापन, पूर्वाधार विकास निर्माण, मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकारण, वन्यजन्तुको चोरी शिकार नियन्त्रण, स्थानीय समुदायको आर्थिक र सामाजिक विकास, पर्या-पर्यटन प्रवर्द्धन, मध्यवर्ती सामुदायिक वन व्यवस्थापन, प्राकृतिक तथा सास्कृतिक सम्पदाहरूको संरक्षण लगायतका गतिविधिहरू सञ्चालन हुँदै आएको छ । निकुञ्जका कर्मचारी, हात्तीसारका कर्मचारी, सुरक्षार्थ तैनाथ नेपाली सेना, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति/उपभोक्ता समिति/मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूह/समुदायिमा आधारित चोरी शिकार नियन्त्रण ईकाईको निरन्तर संरक्षणमुखी प्रयास तथा स्थानीय सरकार, विभिन्न सुरक्षा निकाय, नागरिक सामाज, सञ्चारकर्मी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदार संघ संस्था तथा दातृ निकायहरू, स्थानीय सरोकारवाला निकाय र अन्य संरक्षणकर्मीहरूको संयुक्त प्रयासबाट निकुञ्जको संरक्षण, व्यवस्थापन तथा जैविविक विविधताको संरक्षणमा प्रभावकारी योगदान पुग्दै आएको छ । यस आर्थिक वर्षमा नेपाल सरकारबाट निकुञ्जको संरक्षण र व्यवस्थापनको लागि राष्ट्रिय निकुञ्ज तथा आरक्ष आयोजना, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण आयोजना, हात्तीसारहरू आयोजना गरी ३ वटा आयोजना सञ्चालन भएको थियो । राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा जैविक विविधता संरक्षणको साथ साथै स्थानीय समुदायको आर्थिक तथा सामाजिक विकासको लागि मध्यवर्ती क्षेत्र कार्यक्रम सञ्चालन गरिएको थियो । यसै गरी निकुञ्जको संरक्षण र व्यवस्थापन कार्यमा सहयोग पुर्याउन राष्ट्रिय प्रकृति संरक्षण कोष-जैविक विविधता संरक्षण केन्द्र र तराई भू-परिधि कार्यक्रमबाट विभिन्न कार्यक्रम सञ्चालनमा सहयोग प्राप्त भएको थियो । आर्थिक वर्ष २०८०/०८१ मा यस निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रमा भएका कार्यक्रमहरूको प्रगति अनुसूची १ मा समावेश गरिएको छ ।

२.१.१. चोरी शिकार नियन्त्रणका गतिविधिहरू

चितवन राष्ट्रिय निकुञ्जको प्रमुख उद्देश्य वन्यजन्तु र यिनीहरूको बासस्थान संरक्षण गर्नु हो । वन्यन्तुको चोरी शिकार र वनस्पतिको चोरी निकासी नियन्त्रणका साथै वन्यजन्तुको बासस्थानको अवस्थाको बारेमा जानकारी प्राप्त गर्न निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा निकुञ्ज र निकुञ्ज सुरक्षार्थ तैनाथ नेपाली सेनाले वर्ष भरि नै नियमित रूपमा पैदल, साईकल, जिप, मोटरसाईकल, डुङ्गाबाट गस्ती गर्ने, स्वीपिङ्ग तथा क्याम्पिङ्ग अपरेशन सञ्चालन, लामो दूरीको गस्ती, लिंकअप गस्ती जस्ता कार्य गरेको छ । मध्यवर्ती क्षेत्रमा गठन भएको समुदायमा आधारित चोरी शिकार नियन्त्रण युवा जागरण उप-समितिका युवाहरू, मध्यवर्ती सामुदायिक वनका पदाधिकारी, वन हेरालुहरू, मध्यवर्ती क्षेत्र उपभोक्ता समितिहरू समेतको सहभागितामा मध्यवर्ती क्षेत्रमा विशेष संरक्षण अभियान सञ्चालन गरि गस्ती गर्ने कार्य भएको छ । यस आर्थिक वर्षमा जम्मा ६० वटा चोरीशिकार नियन्त्रण स्वीप अपरेशनको सञ्चालन गरिएको छ ।

२.१.२ वासस्थान व्यवस्थापन :

यस राष्ट्रिय निकुञ्जमा वन्यजन्तुको वासस्थान व्यवस्थापन अन्तर्गत घाँसे मैदान निर्माण, घाँसे मैदान व्यवस्थापन (अग्लो घाँस काट्ने, मिचाहा प्रजाति हटाउने, मुना काट्ने, झाडी, पोथ्रा हटाउने, अनावश्यक रुखहरू उखेल्ने) र सिमसार क्षेत्र व्यवस्थापन (पानीपोखरी मर्मत सम्भार, सरसफाई, पानी पोखरी निर्माण, पानी पोखरीमा सोलार सहितको बोरिङ्ग जडान) कार्यहरू सालवसाली रूपमा सञ्चालन भइरहेको छ ।

२.१.२.१ घाँसे मैदान व्यवस्थापन

पारिस्थिकीय प्रणालीमा घाँसे मैदान प्राथमिक उत्पादक (Primary Producer) को रूपमा रहेको हुन्छ। घाँसे मैदान, गैंडा, हात्ती र विभिन्न प्रकारका आहारा जन्य प्रजातिहरूको आहारको प्रमुख स्रोत हो भने यसले वन्यजन्तुहरूलाई आश्रय समेत प्रदान गरि रहेको हुन्छ। विगतका तथ्याङ्कलाई हेर्दा यस राष्ट्रिय निकुञ्जमा घाँसे मैदानले ओगटेको क्षेत्र घट्दै गइरहेको देखिन्छ। सन् १९७० को दशकमा कुल क्षेत्रफलको २०% रहेको घाँसे मैदान पछिल्लो समय सन् २०१५ मा गरिएको सर्वेक्षण अनुसार निकुञ्जमा ९.६१% र यसको मध्यवर्ती क्षेत्रमा २.०६% मा खुम्चिएको छ। घाँसे मैदान घट्नुमा प्राकृतिक -क्गअअभककष्यल) एउटा कारण रहेको छ भने अर्को तर्फ माइकेनिया, पार्थेनियम, वनमारा जस्ता मिचाहा प्रजातिको कारणले घाँसे मैदानको उत्पादकत्वमा नकारात्मक प्रभाव परिरहेको छ।

घाँसे मैदान सर्वेक्षण २०१५ (२०७२) को तथ्याङ्क अनुसार चितवन राष्ट्रिय निकुञ्जमा ३३६ स्थानमा ८९५५.२ हेक्टर (९.६१५%) फैलिएर रहेको छ। यस आ.व. २०८०/०८१ मा निकुञ्जको विभिन्न आयोजना अनुसारको वार्षिक कार्यक्रमबाट निकुञ्जको सुखीभारको पश्चिम भिम्लेसम्मको फाँटा, लामिताल फाँटा, घटगाई फाँटा, डुमरिया पोष्ट देखि उत्तर पश्चिम र ध्रुव फाँटा गरी क्षेत्र जम्मा ३७० हे. मा घाँसेमैदान व्यवस्थापन व्यवस्थापन गरिएको छ। राष्ट्रिय प्रकृति संरक्षण कोष, जैविक विविधता संरक्षण केन्द्र, सौराहाद्वारा २३१.३० हे) व्यवस्थापन गरिएको छ। घाँसे मैदान व्यवस्थापन अन्तर्गत अग्लो घाँस ढड्डी काट्ने, नियन्त्रित आगो लगाएर जलाउने, जरा सहित रुख हटाउने, स-साना पोथ्रा हटाउने, रुखको मुनाहरू हटाउने तथा मिचाहा प्रजाति नियन्त्रण तथा हटाउने जस्ता कार्यहरू भएको छ। तराई भू-परिधि कार्यक्रमबाट प्राप्त वासस्थापन व्यवस्थापन कार्यक्रम अनुसार निकुञ्जको भिम्ले मचान फाँटा, सुखिभारको पूर्वको फाँटा, डुमरिया फाँटाको पूर्वि दक्षिण फाँट, र पदमपुर फाँटा गरी जम्मा ३४० हे. घाँसेमैदान व्यवस्थापन गरिएको थियो। साथै ध्रुव फाँटा क्षेत्रमा करिब ११ हे. क्षेत्रमा मिचाहा प्रजाति नियन्त्रण तथा झाडी सरसफाई कार्य सम्पन्न गरिएको थियो। यस आ.व.मा नयाँ निर्माण तथा व्यवस्थापन गरिएका घाँसे मैदानको विस्तृत विवरण अनुसूची २९ मा उल्लेख गरिएको छ।

२.१.२.२ सिमसार क्षेत्र तथा पानी पोखरी व्यवस्थापन

सिमसार क्षेत्र अन्य क्षेत्रहरूको तुलनामा बढी उर्वर हुने भएकाले अधिकांश वन्यजन्तुहरू सिमसार क्षेत्र वरपर बस्न रुचाउँछन्। सिमसार क्षेत्र वन्यजन्तुहरूको लागि पानीको उपयुक्त स्रोत पनि हो। यस निकुञ्ज क्षेत्रभित्र सन् २०१३ मा गरिएको अध्ययन अनुसार निकुञ्ज भित्र १०९ वटा र यसको मध्यवर्ती क्षेत्रमा २१ वटा गरी जम्मा १३० वटा साना ठूला तालहरू र घोलहरू रहेका छन्। सिमसार क्षेत्रले जैविक विविधता संरक्षणमा अहम भूमिका निर्वाह गरिरहेको हुन्छ। वन्यजन्तुको लागि पानीको स्रोत, गर्मी मौसममा शरीरको तापक्रम नियन्त्रित गर्नका साथै गैंडा, बाघ जस्ता वन्यजन्तुहरूको लागि आहाल खेल्ने स्थलको रूपमा सिमसार क्षेत्रको आवश्यकता रहेको हुन्छ। पानीको खोजमा वन्यजन्तुहरू मध्यवर्ती क्षेत्रमा समेत पुग्न गई मानव-वन्यजन्तु द्वन्द्व जस्ता समस्या बढ्दै जाने भइ पानीपोखरी निर्माण तथा सरसफाई गरी व्यवस्थापन गरिरहन जरुरी छ। निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रमा रहेका ताल तथा घोलहरूमा क्रमिक रूपमा मिचाह प्रजातिका वनस्पतिहरूको विकास, वरपरबाट तालमा थुप्रिने ढुङ्गा, माटो, बालुवा तथा तालमा जम्मा हुने जैविक तत्व लगायतका कारणबाट सिमसार क्षेत्रको आकार तथा गुणात्मक क्षमतामा ह्रास आइरहेको छ। ताल तलैयाहरूमा पानीको निश्चित सतह कायम राख्नका लागि आवश्यकता अनुसारको संरचना निर्माण, तालको पिंधमा थिग्रिएको माटो हटाउने, तालमा उम्रिएको जलकुम्भी, करौंती झार लगायतका मिचाहा प्रजातिका वनस्पतिहरू हटाउने तथा तालको वरपर सरसफाई लगायतका कार्य नियमित रूपमा गर्न आवश्यक छ। आ.व. २०८० । ०८१ मा २ वटा नयाँ पानी पोखरी र १२ वटा पुरानो पानीपोखरी, ताल मर्मत सम्भार गरी (तमोर ताल, शेरा ताल, घटगाई ताल, काब्रो ताल, लामी ताल, लामु ताल, पदमपोखरीका ताल लगायत अन्य स-साना ताल तथा घोलहरू सरसफाई) व्यवस्थापन गरिएको थियो। जसमा लामिताल क्षेत्र व्यवस्थापनको लागि बढी ध्यान दिइएको थियो। यस आ.व.मा निर्माण तथा मर्मत सम्भार गरिएका तालहरूको विस्तृत विवरण अनुसूची १४ मा राखिएको छ।

तालिका २: आयोजनागत सिमसार क्षेत्र व्यवस्थापन

वार्षिक	आयोजना				जम्मा	
	रा.नि.		तराई भू-परिधि कार्यक्रम			
	निर्माण	मर्मत	निर्माण	मर्मत	निर्माण	मर्मत
लक्ष्य (वटा)	२	५	०	७	२	१२
प्रगति (वटा)	२	५	०	७	२	१२

२.१.३ प्रजाति संरक्षण

सन्तुलित पारिस्थिककीय प्रणाली कायम गर्न ठुला र लोपोन्मुख वन्यजन्तुहरूको संरक्षण कार्य निरन्तर रूपमा भई रहेको छ। यस अन्तर्गत विभिन्न प्रजातिका संरक्षण कार्य योजना बनाई प्रजनन् केन्द्र समेत स्थापना भएका छन्।

२.१.३.१ घडियाल गोही प्रजनन् केन्द्र

संसार भरमा २४ प्रजातिका गोही मध्ये नेपालमा २ प्रजातिका मात्र पाईन्छन्। ती हुन घडियाल गोही (Gharial Crocodile–Gavialis gangeticus) र मगर गोही (Marsh mugger–Crocodile Crocodylus palustris)। यी दुई मध्ये घडियाल गोही सफा र निरन्तर वगिरहने ठूलाखाले नदीहरूमा मात्र पाइन्छन भने मगर गोही ताल तलैया, पोखरी, नदीनाला र वर्षायाममा धान खेतमा समेत पाईन्छन्। घडियाल गोहीको मुख्य आहारा नै माछा हो भने मगर गोहीले माछा तथा पंक्षीको अलवा सिनो देखि लिएर जंगली जनावर एवं घरपालुवा कुकुरको समेत शिकार गरेर खान्छ।

सन् १९५० ताका वर्मा, वङ्गलादेश, भुटान र पाकिस्तानका नदीहरूमा घडियाल गोही प्रशस्तै पाईन्थे। त्यस ताका नेपालको नारायणीमा २३५ वटा घडियाल गोही पाइएको तथ्याङ्क भेटिन्छ। तर विश्वमा वढ्दै गईरहेको जनसंख्याको चापले गर्दा नदीका आसपासमा मानिसहरूको वसोवास वढ्न थाली आफ्ना दैनिक उपभोग्य वस्तुको उत्पादन तिनै नदीको वगरमा गर्न थाले। वढ्दो शहरीकरण एवं औधोगिकीकरणवाट निस्केको फोहर सोझै नदीमा फाल्ने परिपाटीले जलीय पर्यावरणमा समेत असर पर्न गएको छ। नदीहरूमा पुरानो शैलीले भन्दा आधुनिक शैलीले माछा मार्ने प्रविधि विकासले परम्परागत रूपमा माछामारी जीविकोपार्जन गर्ने जात-जाति समुदायको अलवा अन्य जातिले पनि माछा मार्ने क्रम वढन गई नदीमा माछा कम हुदै गयो। फलस्वरूप सन् १९७० तिरको दशकमा आएर विश्वमा घडियाल गोहीको संख्या २०० कोहाराहारीमा र नेपालको नारायणीमा केवल ५३ वटा र कर्णालीमा ९ वटा मात्र रहेको थियो। हाल आएर वर्मा, वङ्गलादेश, भुटान र पाकिस्तानवाट घडियाल गोही लोप भइसकेको अवस्था रहेको छ भने नेपाल र भारतका केही नदीहरूमा न्यून संख्यामा अझै पनि पाईन्छन्। चितवनमा स्थापना भएको घडियाल गोही प्रजनन् केन्द्रले हुर्काएको गोही नदीमा छोड्दै आएकोले हालसम्म प्राकृतिक अवस्थामा घडियाल गोही देख्न पाईएको छ। नेपालले छाडेका घडियाल भारतमा देखिनुले यसले नेपाललाई मात्र नभई भारतलाई पनि फाईदा पुगेको छ।

यसरी संसारवाट घडियाल गोही लोप हुँदै जानुमा माथि उल्लेखित घट्नाको अलवा मगर गोही, पानीमा विचरण गर्ने ठूलाखाले पंक्षी लगायतका अन्य जलचरहरूले समेत घडियालका वच्चालाई खाईदिने आदी ईत्यादी कारणले प्राकृतिक अवस्थामा वच्चा घडियालको मृत्यु दर ९९ प्रतिशत रहेको छ। संरक्षणका प्राथमिकताको हिसावले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार नेपालमा घडियाललाई संरक्षित सूचीमा राखिएको साथै हाल आएर साईटिसको अनुसूची-१ मा र विश्व संरक्षण संघ (IUCN Red Data Book) ले अति संकटापन्न दुर्लभ (Critical Endangered) प्रजातिको सूचीमा समावेश गरेको छ।

माथि उल्लेखित विविध कारणले गर्दा प्राकृतिक अवस्थामा रहेका घडियाल गोहीका गुँडवाट निस्केका वच्चाहरू १-२ प्रतिशत मात्र वाँच्ने कुरा अध्ययनले देखाएकोले नदीमा रहेका घडियालका गुँडवाट अण्डा संकलन गरी वच्चा कोरली ५-६ वर्ष सम्म यस केन्द्रमा हुर्काई वढाई गरे पछि मात्र पुनः नदीमै घडियाललाई छोड्ने गरिएको छ। यस उमेरसम्म घडियाल गोहीका वच्चा १.५-२ मिटर लम्वाईका भईसकेका र यस उमेरमा उनीहरू नदीमा वाँच्न पनि सक्षम भईसकेका हुन्छन। वि.सं. २०३८ साल

देखि हाल सम्म यस प्रजनन केन्द्रले १८५२ वटा घडियाल गोही देशका प्रमुख नदीहरूमा छोडिएको छ ।

स्थापनाकालमा नारायणी वगरवाट अण्डा संकलन गरेर यस केन्द्रमा वच्चा कोरल्ने गरिएको थियो र हालसम्म पनि उक्त प्रथा कायमै रहेको र यस प्रजनन् केन्द्रमा रहेका घडियालवाट पनि बच्चा प्रजनन भईरहेका छन, जसले घडियाल संरक्षणमा ठूलै टेवा पुयाएको छ । यो प्रजनन केन्द्र स्थापना नगरिएको भए २०/२५ वर्ष अगाडि नै नेपालवाट घडियाल लोप भै सक्ने कुरामा संरक्षणविदहरू एक मत देखिन्छन ।

बि.सं.२०३५ सालमा फ्रयाङ्कफर्ट जोलोजिकल सोसाईटीको आर्थिक सहयोगमा नेपालको चितवन राष्ट्रिय निकुञ्जको कसरामा घडियाल संरक्षण तथा प्रजनन केन्द्रको स्थापना भयो । हाल आएर यसको व्यवस्थापनको सम्पूर्ण खर्च नेपाल सरकारले व्यहोर्दै आएको छ । हाल यस केन्द्रमा साना-ठूला गरि ३२ वटा पोखरी छन् जसमा ८४४ वटा विभिन्न उमेरका घडियाल रहेका छन् जसको व्यवस्थापन गर्न १ जना अधिकृत सहित ८ जना घडियाल हेरालु (Keeper) रहेका छन् । हाल यस केन्द्र अनुसन्धानात्मक र मनोरञ्जन एवं संरक्षणमूलक केन्द्रको रूपमा विकास हुदै गएको छ भने यसले घडियालको वंशको (Gene conservation bank) रूपमा पनि आपनो पहिचान वनाउँदै आएको छ । हाल यस केन्द्र भित्र कछुवा संरक्षण प्रजनन् समेत व्यवस्थापन भई रहेको छ । घडियाल प्रजनन् केन्द्रमा रहेका गोहीको संख्यमा सम्बन्धी विस्तृत विवरण अनुसूची-३ मा राखिएको छ ।

वजेट विनियोजन व्यवस्थापन

प्रजनन केन्द्रको वजेट विनियोजन व्यवस्थापन खर्च नेपाल सरकारको कर्यक्रम अनुसार हुँदै आएको छ ।

- माछा आहारा व्यवस्थापन खर्च
- केन्द्रको मर्मत संभार खर्च
- प्राकृतिक अवस्थामा रहेका घडियाल गोहीको गुँड हेरालु, अनुगमन र सुरक्षित संकलनन एवं प्रजनन् खर्च
- केन्द्रका ७ जना कर्मचारीको खर्च

पर्यटकको आकर्षक घडियाल गोही प्रजनन् केन्द्रमा रहेका गोहीको अवलोकन गर्न दैनिक सयौं पर्यटक आउने गरेका छन् । आ.व. २०८०/०८१ मा पर्यटकबाट सहयोग स्वरूप केन्द्रलाई प्राप्त रकम रु. ५१३७४५० (एकाउन्न लाख सैतीस हजार चार सय पचास रूपैयमा मात्र) रहेको छ । यो रकम राष्ट्रिय प्रकृति संरक्षण कोष, जैविक विवधता संरक्षण केन्द्रको खातामा जम्मा हुने प्रावधान रहेको र सो रकम घडियाल गोहीका स्याहार सुसार गर्ने कर्मचारीहरूको तलव तथा केन्द्रको व्यवस्थापनमा खर्च गरिएको छ । घडियाल संरक्षण तथा प्रजनन् केन्द्रमा भ्रमण गरेका पर्यटकको विररण तल तालिकामा प्रस्तुत गरिएको छ ।

पर्यटक विवरण	पर्यटक संख्या	राजश्व रु.
विदेशी	३१२८६	३१२८६००
नेपाली	३८२८४	१९१४२००
नेपाली विद्यार्थी	३१५५	९४६५०
जम्मा	७२७२५	५१३७४५०

प्राकृतिक बासस्थान (In–situ) मा घडियाल गोहीको संरक्षण

विगत वर्षहरू झै यस वर्ष पनि राप्ती र नारायणीको वगरमा घडियाल गोहीको गुँड खोज्ने क्रममा राप्ती र नारायणी नदिका विभिन्न स्थानहरूमा घडियालका गुँड फेला परेको थियो । उक्त नदीहरूमा रहेका घडियाल गोहीका गुँडबाट घडियाल प्रजनन् केन्द्रमा कोरलको लागि केही अण्डाहरू संकलन गएिको थियो । केही गुँडहरू प्राकृतिक अवस्था मै रहन दिइएको थियो, त्यसबाट बच्चा प्राकृतिक अवस्थामै माऊले कोरेलेका पनि थिए भने केही स्थानका गुंड भएका वालुवाका ढिस्काहरू वाढीले पुरेको थियो । आ.व. २०८०/०८१ मा राप्ती नदीको किनारबाट २४७ वटा अण्डाहरू संकलन गरी प्रजनन् केन्द्रमा ल्याईएको

थियो । यसरी प्राकृतिक बासस्थानमा रहेका अण्डा संकलन गरी केन्द्रमा ल्याई नियन्त्रित रूपले कोरल्ने, बयस्यक अवस्थासम्म स्याहार सुसार गरी पुनः प्राकृतिक बासस्थानमा नै छाडिन्छ ।



राप्ती र नारायणी नदीका वगरबाट संकलन गरिएका अण्डाहरूबाट प्रजनन् केन्द्रमा कोरलेको घडियालका वच्चाहरू निकाल्दै कर्मचारीहरू

बाह्य बासस्थान (Ex–situ) संरक्षण

विगत ६ वर्षदेखि घडियाल गोही प्रजनन् केन्द्रमा १ भाले मात्र र ११ पोथी प्रजनन् योग्य रहेका छन । सो भाले २०३५ सालमा यस प्रजनन् केन्द्रमै कोरलिएको बच्चा हो । यो ४६ वर्षको छ । पोथीहरू पनि सोही वर्षको आसपासमा कोरलिएका हुन । उक्त भालेको २०५५ सालदेखि नै राम्रो प्रजनन् क्षमता हुदै आएकोमा २०७१ सालदेखि प्रजनन् क्षमतामा ह्रास आएको छ । भाले पोथीसंग सहवास एवं समागमको वेला सक्रिय रहेको देखिन्छ । समग्रमा तत् पश्चातः पोथीले पारेको अण्डामा भाले चिन्हनै नदेखिने र अण्डा अधिकांश वतासे (भाले नलागेको) देखिएको छ । केही गुंडवाट बच्चा कोरले पनि औषतभन्दा धेरै कम बच्चा कोरलेको अवस्था छ । भालेको प्रजनन् क्षमतामा ह्रास आउनु थप अनुसन्धानको विषय पनि होला तर गोही विज्ञहरू समेतको राय बुझ्दा पोथी घडियालमा प्रजननको केही समस्या देखिएको छैन । भाले वूढो भएर प्रजननमा ह्रास आएको पनि होइन तर वीर्यमा समस्या हुन सक्छ, सोको परीक्षण जाँच गर्नु पर्ने सल्लाहा विज्ञहरूले दिएका छन् । अतः सोको विकल्पमा प्रजनन् केन्द्रमा अर्को भालेको व्यवस्थापन गर्नु जरुरी देखिन्छ ।



घडियाल गोहीलाई प्राकृतिक वासस्थानमा छाडिएको

यस कार्यालयको कसरा स्थित घडियाल गोही प्रजनन केन्द्रमा हुर्काइएका गोहीलाई प्राकृतिक वासस्थानमा पुर्नस्थापना/छोड्दै जाने प्रकृया अन्तर्गत आ.व. २०८०/०८१ मा १०५ वटा (भाले-१३ र पोथी ९२) घडियाललाई राप्तीमा छाडिएको छ। वि.सं. २०३८ सालदेखि हालसम्म यस प्रजनन केन्द्रबाट १८५२ वटा घडियाल गोहीहरू देशका प्रमुख नदीहरूमा छोडिएको छ। विस्तृत विवरण अनुसूची- ३ मा राखिएको छ।

२.१.३.२ कछुवा/ठोटरी संरक्षण

संसारभरमा पाइने २५० प्रजातिका कछुवाहरू मध्ये नेपालमा १८ प्रजाति र चितवन राष्ट्रिय निकुञ्जमा ९ प्रजातिका कछुवा रेर्कड गरिएका छन्। बासस्थानको आधारमा कछुवाहरू जमीनमा बस्ने (Terrestrial) र सिमसार (Wetland) मा बस्ने गरी दुई किसिमका हुन्छन्। सामान्यतया प्राकृतिक अवस्थामा जमिनमा पाइने कछुवाहरू शाकाहारी र सिमसारमा पाइने मांसाहारी तथा सर्वभक्षी दुवै प्रकृतिका हुन्छन्।

गरिबी र अज्ञानताको कारणले हुने चोरी शिकार साथै बासस्थान विनाशले गर्दा कछुवाहरूको संख्या कम हुँदै गएको सन्दर्भमा यसको संरक्षण प्रजनन् गर्नु पर्ने आवश्यकता महशुस गरी चितवन राष्ट्रिय निकुञ्जको कसरामा अवस्थित घडियाल संरक्षण प्रजनन् केन्द्रको हाता भित्र उद्दार गरिएका कछुवालाई संरक्षण गरी प्रजनन् गराउन थालिएको हो। एउटा घेरवारमा (Enclosure) मा जमिनमा बस्ने र अर्कोमा सिमसारमा बस्ने प्रजाति राखिएका छन्। पालन गरिएको घेरवार भित्रै सक्दो प्राकृतिक वातावरण सिर्जना गरेर उनीहरूको प्राकृतिक वासस्थान कायम गरी कछुवा प्रजातिलाई हुर्काउने, बढाउने एवं तिनीहरूबाट प्रजनन् (Breeding) समेत गराउने र ठूलो भई सकेपछि पुनः प्राकृतिक बासस्थानमा छोड्ने उद्देश्य राखी सञ्चालन गरिएको छ। यस केन्द्रमा हाल ५ प्रजातिका २५ वटा कछुवाहरू छन्। जमिनमा वस्ने Elongated tortoise (Indotestudo elongata), Tricarinate hill turtle (Melanochelys tricarinate) हुन भने सिमसारमा वस्ने Indian Black turtle (Melanochelys trijuga), Indian flapshell turtle (Lissemys punctata), Indian softshell turtle (Nelssonia gangetica) and Indian Peacock (Nilssonia hurum) रहेका छन। सिमसारमा वासस्थान भएका ३ प्रजाति कछुवालाई घडियाल गोहीसंगै राखि पालन गरिएको छ।

जमिनमा बस्ने पहेंली ठोटरी कछुवा (Elongated Tortoise) बाट गत आ.व. सम्ममा ११ वटा बच्चा पैदा भएका थिए । ठुलो हुदा कडा खपटा हुने यो कछुवा प्रजाति जन्म हुँदाको अवस्थामा भने एकदमै नरम खपटा भएका हुन्छन । यसले आश्विन महिनामा अण्डा पार्ने र आउँदो श्रावण महिनामा यसका वच्चा आफै कोरलिन्छन । अरू प्रजाती जस्तो कछुवाले आफनो वच्चा हेरचाह नगर्ने र वच्चा पनि नकोरल्ने केवल माटो मुनी अण्डा पारे पछी उसको जिम्मेवारी सकिने प्राकृतिक स्वभावका हुन्छन् । त्यसैले श्रावण महिनामा परेको झरीले माटो गिलो भई हल्का भएपछी वच्चा माटो भित्र रहेको अण्डाबाट वाहिर आफै निस्कन्छन । मौका मिले ठूला कछुवाले साना वच्चा खाईदिने गर्दछ । वच्चाहरू हुर्काउन धेरै कठीन भएको महशुस गरिएको छ । वच्चाहरूलाई दैनिक रूपमा पाकेको फर्सी, घण्टी (China Rose Flower) र राँगाको मासु किमा वनाएर खुवाइन्छ । जमिनमा वस्ने कछुवालाई मुख्यतया: पाकेको फर्सी, गर्मी एवं सुख्खा याममा चना भिजाएर खान दिनुको अलावा मौसम अनुसारको जंगली फलपूल तथा हप्ताको एक पटक राँगाको मासु समेत खान दिईन्छ भने सिमसारमा वस्नेलाई राँगाको मासुको अलवा माछा पनि खान दिने गरिएको छ । त्चष्अबचष्लबतभ जर्षी तगचतभि र क्ष्लमष्बल द्यबिअप तगचतभि ले वच्चा कोरले पनि ठाँउको अभावले वच्चा वचाउन सकिएको छैन । सोको लागि यस वर्ष प्राकृतिक तौर तरिका अपनाएर वनाएको वच्चा हुर्काउने सानो पोखरी त्यसमा प्राकृतिक माछा पालन र त्यस वरपर प्राकृतिक जलीय वनस्पतिको सृजना गरिएको छ । आगामी वर्षहरूमा वच्चा वचाउन/हुर्काउन सकिन्छ कि ? तर सोको सफलताको लागि अझै कडा लगन र परिश्रमको भने उत्तिकै खाँचो रहेको छ ।

२.१.३.४ हात्ती प्रजनन् तथा तालिम केन्द्र

नेपालमा वि.सं.२०४४ सालमा ६ वटा भाले र १४ वटा पोथी गरी जम्मा २० वटा हात्तीबाट चितवनको खोरसोरमा हात्ती प्रजनन् केन्द्रको शुरुवात गरिएको थियो । ती २० वटा हात्ती मध्ये १६ वटा भारतबाट ल्याईएको थियो भने २ वटा थाईल्याण्डबाट र २ वटा म्यानमारबाट उपहार स्वरूप प्राप्त भएका थिए । हाल यस निकुञ्जको हात्ती प्रजनन् तथा तालिम केन्द्र र हात्तीसारहरूमा माऊ बच्चा गरी ५७ वटा हात्तीहरू रहेका छन् । यस आ.व. मा ५ वटा निकुञ्जले पालेको सरकारी हात्तीको मृत्यू भएको छ । निकुञ्जमा रहेका हात्तीहरूको विस्तृत विवरण अनुसूची-२ मा उल्लेख गरिएको छ । यस आ.व.मा यस निकुञ्जमा तपसिलको मितिमा २ वटा छावाको जन्म भएको छ ।

तालिका ५ : आ.व.२०८०/०८१ मा जन्म भएका सरकारी हात्तीहरूको विवरण

क्र.स.	मिति	हात्तीको नाम	लिङ्ग	आमाको नाम	कैफियत
१	२०८१/०२/१२	दिलगज	भाले	कर्णालीकली	
२	२०८१/०२/१६	दिपाकली	पोथी	हिमालीकली	

तालिका ६ : आ.ब २०८०/८१ मा हात्ती प्रजनन् तथा तालिम केन्द्र सौराहा खोरसोर भ्रमण गर्ने नागरिकहरूको संख्या

पर्यटक विवरण	पर्यटक संख्या	राजश्व
विदेशी	६०४००	६०४००००
नेपाली	७०३१३	३५१५६५०
नेपाली विद्यार्थी	२५१३२	७५३९६०
जम्मा	१५५८४५	१०३०९६१०

२.१.३.५ भेटेरीनरी शाखा

यस निकुञ्जको भेटेनरी शाखाबाट निकुञ्जमा कार्यरत घरपालुवा हात्तीहरूको नियमित रूपमा स्वास्थ्य उपचार भएको छ । घरपालुवा हात्तीहरूमा यस आ.व. मा प्राय: देखिएका समस्याहरू निम्न बमोजिम रहेका छन् - माटो खाई पेट दुख्ने, पेट फुल्ने, माटो मिसिएको कालो दिशा गर्ने, दिशा गर्न नसकेर आन्द्रा जाम हुने, घाउ खटिरा, पिलोहरू निक्लने, आँखा धमिलो

हुने, आँखामा फुलो पर्ने, विभिन्न कारणले घाइते भएका हात्तीहरूको सामान्य चिरफार र उपचार, परजीवी नियन्त्रणका लागि नियमित औषधि खुवाउने, आवश्यकता अनुसार भ्याक्सिनहरू लगाउने, गर्भिणी हात्तीहरूको हेर विचार, नङ्ग काट्ने, सोलको संक्रमण नियन्त्रण र अन्य आवश्यक औषधि उपचार गर्ने गरेको छ ।

यस शाखाले यस आ.व.मा मृत हात्ती, गैंडा, बाघ, भालु तथा अन्य वन्यजन्तुहरूको मृत्युको कारण पत्ता लगाउन शव परीक्षण गर्ने र नमूना संकलन गर्ने कार्य गरेको छ । अनुसन्धानकर्तालाई सहयोगको लागि हात्तीलाई डार्ट गर्ने र रेडियो कलर जडान गरी नमूना संकलन गर्ने, नरभंक्षी तथा मानव वस्तीमा पसी पशुहरू खाई वढी मात्रामा दुख दिने र द्वन्द्व निम्त्याउने खालका बाघलाई नियन्त्रणमा लिने, मध्यवर्ती क्षेत्रभन्दा बाहिरको क्षेत्र र चितवन जिल्ला बाहेकको अन्य जिल्लामा समेत गएर वन्यजन्तुको उपचार गर्ने, समस्याग्रस्त वन्यजन्तुलाई नियन्त्रणमा लिने, कोशी टप्पु आरक्षबाट यस निकुञ्जमा स्थानान्तरित अर्नाहरूको अनुगमन, स्वास्थ्य अवस्थाको निरीक्षण, आहारा तथा पिउने पानीको गुणस्तर तथा मात्राको बारेमा सरोकारवालाहरूसँग छलफल, निकुञ्जका घरपालुवा हात्तीमा मात लागि भाग्ने हात्तीको नियन्त्रण जस्ता कार्यहरू भेटेरीनरी शाखाले गर्दै आएको छ ।

भाग ३- आर्थिक वर्ष २०८०/०८१ मा भएका प्रमुख कार्यक्रम तथा गतिविधिहरू

३.१ राष्ट्रिय निकुञ्ज तथा आरक्ष आयोजना

यस आर्थिक वर्षमा राष्ट्रिय निकुञ्ज तथा आरक्ष आयोजना अन्तर्गत निर्माण तथा मर्मत सुधार गरिएका भौतिक पूर्वाधार तथा अन्य कार्यक्रमहरूको छोटकरी विवरण देहाय बमोजिम रहेको छ।

३.१.१ पोष्ट भवन निर्माण

यस आर्थिक वर्ष २०८०/०८१ मा निकुञ्जको सौराहा सेक्टर अन्तर्गको हात्तीसारमा पोष्ट भवन निर्माण भएको छ।



पोष्ट भवन निर्माण

३.१.२ वनपथ ग्राभेलिङ्ग

निकुञ्जको पूर्वी सेक्टर सौराहाको अमृते देखि चपरचुली जाने बाटोको ४ कि.मि. दुरी क्षेत्रमा वन पथ ग्राभलिङ्ग गरिएको छ। जसले गर्दा भिमपुर हुँदै अमृते चपरचुली जाने मूल बाटोको स्तरउन्नति भएको छ। वनपथ ग्राभेलिङ्ग कार्यले उक्त क्षेत्रहरूमा पेट्रेलिङ्ग, साईकल गस्ती, पैदल गस्ती लगायतका कृयाकलापमा सहयोग पुग्नुका साथै निकुञ्जको पर्या-पर्यटनमा समेत टेवा पुगेको छ।



वन पथ ग्राभेलिङ्ग

३.१.३ वनपथ निर्माण, वन पथ मर्मत सम्भार र अग्निरेखा निर्माण

निकुञ्ज भित्रको अनुगमन, आगलागी नियन्त्रण, गस्ती, निकुञ्ज अवलोकन, पर्या-पर्यटन, निकुञ्ज संरक्षण तथा व्यवस्थापन आदि कामको लागि आवश्यक पर्ने वनपथहरू मर्मत सम्भार, गोरेटो बाटो निर्माण गर्ने गरिन्छ ।

यस आ.व. मा निकुञ्जको पदमपुर - प्रतापपुर हुँदै पर्सा रा.नि.को सिमानासम्म जान करिब २० कि.मी. नयाँ बाटो तथा वनपथ निर्माण गरिएको छ । साथै उक्त क्षेत्रमा रहेका पुराना बाटोहरूको सरसफाई तथा मर्मत सम्भार गरिएको छ ।

त्यस्तै, माडी जाने कसरा पुलदेखि बनकट्टा सम्मको मूल बाटोको करिब १० कि.मी. क्षेत्र ५-५ मिटर दायाँबाँया झाडीसफाई र मर्मत सम्भारको कार्य गरिएको छ । जसबाट मानव वन्यजन्तुद्वन्द्वको न्यूनीकरण तथा वन्यजन्तुको क्षति (सडक दुर्घटना) नियन्त्रणमा सहयोग पुगेको छ ।

निकुञ्ज भित्रको चाँपखोला देखि उत्तरी क्षत्रमा सम्म २ कि.मि. अग्निरेखा निर्माण गरिएको छ । निकुञ्जको कसरा देखि कमलतालसम्म क्षेत्रमा झाडी सफाई तथा वनपथ मर्मत गर्ने कार्य सम्पन्न भएको छ ।



पदमपुर-प्रतापपुर वन पथ निर्माण



अग्निरेखा निर्माण

३.१.४ काठेपुल मर्मत

यस आ.व. मा बाघमारा देखि सौराहा घाट जोड्ने बाटोमा ५ वटा पुलहरू मर्मत गरिएको छ । उक्त पुल मर्मतले गर्दा विभिन्न खालका गस्ती, पेट्रोलिङ्ग, जंगल सफारी लगायतका कार्यमा प्रभावकारिता देखिएको छ । प्रत्येक वर्ष निकुञ्जको जंगल ड्राईभ रुट तथा अन्य वनपथमा रहेका काठेपुल मर्मत संभार हुँदै आएकोमा यस

निकुञ्ज भित्रको अनुगमन, आगलागी नियन्त्रण, गस्ती, निकुञ्ज अवलोकन, पर्या-पर्यटन, निकुञ्ज संरक्षण तथा व्यवस्थापन आदि कामको लागि सहज पुगेको छ ।



काठे पुल मर्मत (दुधौरा)



काठे पुल मर्मत (लगुना)



काठे पुल मर्मत (जर्नेली १)



काठे पुल मर्मत (जर्नेली २)



काठे पुल मर्मत (चरहरा)



काठे पुल (पण्डित खोला)

३.१.५ गोरेटो बाटो मर्मत

निकुञ्जको यस आ.व.मा निकुञ्जको तमोर ताल देखि चाँपखोला जाले बाटोको ग्रभलिङ्ग गरी मर्मत कार्य गरिएको छ। जसले गर्दा यस निकुञ्ज चुरे क्षेत्रको अनुगमन, आगलागी नियन्त्रण, गस्ती, निकुञ्ज अवलोकन, पर्या-पर्यटन, निकुञ्ज संरक्षण तथा व्यवस्थापन आदि कामको लागि सहज पुगेको छ।



गोरेटो बाटो मर्मत

३.१.६ मेषजाली सहित तारबार निर्माण

निकुञ्ज तथा मध्यवर्ती वन क्षेत्रबाट वन्यजन्तु मानव वस्तीमा प्रवेश गरी गर्ने मानवीय, पशुधन, घरगोठ, र अन्नबाली लगायतका क्षतिबाट हुने मानव-वन्यजन्तु बीच द्वन्द्व न्यूनीकरण गर्न अर्थात मानव वस्तीमा वन्यजन्तुहरूको प्रवेश रोक्न निकुञ्ज कार्यालयले विभिन्न किसिमका न्यूनिकरणका उपायहरू अवलम्बन गर्दै आएको छ । जस अन्तर्गत यस आ.व. मा राष्ट्रिय निकुञ्ज तथा आरक्ष आयोजनाबाट मानव-वन्यजन्तु द्वन्द्व प्रभावित क्षेत्र मेघौली उपभोक्ता समितिको क्षेत्र, सिखौली उपभोक्ता समितिको क्षेत्र र अयोध्यपुरी उपभोक्ता समिति अन्तर्गत मा करिब ५ कि.मी. मेषजाली सहितको तारवार निर्माण गरिएको छ ।



मेषजाली सहितको तारवार

३.१.७ कलभर्ट निर्माण

यस निकुञ्जको राष्ट्रपति चुरे ताल जाने बाटोमा २ वटा कलभर्ट निर्माण गरिएको छ । जसबाट बर्षायामको समयमा समेत नियमित आवतजावत, गस्ती, अनुगमन गर्न सहज भएको छ ।



कलभर्ट निर्माण

३.१.८ काठको भ्यू-टावर मर्मत

वन्यजन्तु चोरी शिकार नियन्त्रणको लागि रातको समयमा एम्बुस बस्न आवश्यक महसुस गरी जिरो मचान र थपलिया तालको बाघ मचानको मर्मत गरिएको छ। साथै एम्वुस वस्ने मचानको लागि आवश्यक सामाग्री खरिद गरीएको छ। यस कार्यबाट पर्यटकलाई वन्यजन्तु अवलोकन गर्न, निकुञ्जमा तैनाथ कर्मचारीहरूलाई गस्ती गर्न तथा एम्बुर वस्न समेत सहज भएको छ।



जिरो मचान मर्मत

३.१.९ हात्ती/चितुवा प्रभावित क्षेत्रमा सोलार आउटडोर ल्याम्प जडान

रातको समयमा वन्यजन्तु सम्बन्धी विभिन्न गतिविधिहरू तथा वन्यजन्तुबाट हुन सक्ने क्षतिबाट बच्ने उद्देश्यले निकुञ्जको अमृतेमा दुई वटा, कछुवानी एक वटा, डुमरिया एक वटा र घडियाल संरक्षण तथा प्रजनन् केन्द्रमा एक वटा गरी जम्मा ५ वटा सोलार आउटडोर ल्याम्प जडान गरिएको छ। वन्यजन्तुबाट हुने सक्ने जोखिम बारे सतर्कता अपनाउन सक्ने अपेक्षा गरिएको छ।



सोलार आउटडोर ल्याम्प (घडियाल संरक्षण तथा प्रजनन् केन्द्र)

३.१.१० घाँसे मैदान व्यवस्थापन

घाँसे मैदान, गैंडा, हात्ती र विभिन्न प्रकारका शाकाहारी जन्य प्रजातिहरूको आहारको प्रमुख स्रोत हो भने यसले वन्यजन्तुहरूलाई आश्रय समेत प्रदान गरि रहेको हुन्छ। निकुञ्जद्वारा वर्षेनी घाँसे मैदान व्यवस्थापन अन्तर्गत अग्लो घाँस ढड्डी काट्ने, नियन्त्रित आगो लगाएर जलाउने, जरा सहित रुख हटाउने, स-साना पोथ्रा हटाउने, रुखको

यस आ.व. २०८०/०८१ मा निकुञ्जको विभिन्न आयोजना अनुसारको वार्षिक कार्यक्रमबाट निकुञ्जको सुखीभारको पश्चिम भिम्लेसम्मको फाँटा, लामिताल फाँटा, घटगाई फाँटा, डुमरिया पोष्ट देखि उत्तर पश्चिम र ध्रुव फाँटा गरी क्षेत्र जम्मा ३७० हे. मा घाँसेमैदान व्यवस्थापन व्यवस्थापन गरिएको छ। राष्ट्रिय प्रकृति संरक्षण कोष, जैविक विविधता संरक्षण केन्द्र, सौराहाद्वारा २३१.३० हे) व्यवस्थापन गरिएको छ। घाँसे मैदान व्यवस्थापन अन्तर्गत अग्लो घाँस ढड्डी काट्ने, नियन्त्रित आगो लगाएर जलाउने, जरा सहित रुख हटाउने, स-साना पोथ्रा हटाउने, रुखको मुनाहरू हटाउने तथा मिचाहा प्रजाति नियन्त्रण तथा

हटाउने जस्ता कार्यहरू भएको छ। तराई भू-परिधि कार्यक्रमबाट प्राप्त वासस्थापन व्यवस्थापन कार्यक्रम अनुसार निकुञ्जको भिम्ले मचान फाँटा, सुखिभारको पूर्वको फाँटा, डुमरिया फाँटाको पूर्वि दक्षिण फाँट, र पदमपुर फाँटा गरी जम्मा ३४० हे. घाँसेमैदान व्यवस्थापन गरिएको थियो। साथै ध्रुव फाँटा क्षेत्रमा करिब ११ हे. क्षेत्रमा मिचाहा प्रजाति नियन्त्रण तथा झाडी सरसफाई कार्य सम्पन्न गरिएको थियो। यस आ.व.मा नयाँ निर्माण तथा व्यवस्थापन गरिएका घाँसे मैदानको विस्तृत विवरण अनुसूची- २९ मा उल्लेख गरिएको छ।



सुखिभार फाँटा



पदमपुर फाँटा



भिम्ले फाँटा

३.१.११ पानी पोखरीमा बोरिङ्ग सहितको सोलार जडान मर्मत

आ.व. २०८०/०८१ मा खर मयुरको विचरण अनुगमन गर्न तथा त्यसको वासस्थानको संरक्षण तथा व्यवस्थापन गर्न चितवन राष्ट्रिय निकुञ्जको सुखिभारमा र भिम्ले पोष्टको बीचमा रहेको पोखरीमा बोरिङ्ग सहितको सोलार जडान बिग्रिएको बोरिङ्ग मर्मत तथा नयाँ सोलार जडान गरिएको छ।

३.१.१२ वन्यजन्तुका खानेपानी पोखरी निर्माण तथा मर्मत

वन्यजन्तुको राम्रो बासस्थानका लागि घाँसे मैदान, झाडी क्षेत्र, पानीका स्रोत तथा पोखरीहरू महत्वपुर्ण आधार हो । आ.व. २०८०/०८१ को राष्ट्रिय निकुञ्ज तथा आरक्ष आयोजना तर्फ स्वीकृत कार्यक्रम अन्तर्गत निकुञ्जमा रहेका लामीतालको सरसफाई तथा मर्मत गरिएको छ । तराई-भू परिधि कार्यक्रमबाट प्राप्त बजेट तथा कार्यक्रम अन्तर्गत निकुञ्जको सेरा ताल, कमल ताल, तमोर ताल, काम्रो ताल, लामु ताल, पदमपुरमा रहेको तालहरू मर्मत तथा सरसफाई गरिएको छ ।



पोखरी निर्माण



पोखरी मर्मत

३.१.१३ साईनबोर्ड/सूचना बोर्ड निर्माण र मर्मत सम्भार

निकुञ्ज क्षेत्रमा सूचना/साईन बोर्डको ठूलो महत्व रहेको छ । सूचना तथा साईन बोर्डले जंगलमा विभिन्न किसिमको जानकारी तथा सहजता प्रदान गर्दछ । तसर्थ यस आ.व. मा १४ वटा नयाँ सूचना/साईनबोर्ड निर्माण गरी निकुञ्जको विभिन्न क्षेत्र (विशेष गरी सुबिधा प्राप्त बाटो) मा राखिएको छ ।



साइन बोर्ड निर्माण



साइन बोर्ड निर्माण

३.१.१४ सार्वजनिक शौचालय निर्माण

पर्यटक तथा यात्रुहरूलाई विशेष मध्यनजर गर्दै आ.व. २०८०/०८१ मा चितवन राष्ट्रिय निकुञ्जको पुलगेटमा नेपाल सरकार र तराई भू-परिधि कार्यक्रमको सहकार्यमा १ वटा व्यवस्थित शौचालयको निर्माण गरिएको छ। जसबाट निकुञ्जको पर्यटकीय सरसफाई क्षेत्रमा योगदान पुगेको अनुभूति गरिएको छ।



सार्वजनिक शौचालय निर्माण

३.१.१५ बन्दी गृह मर्मत सुधार

आ.व. २०८०/०८१ मा चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरामा बन्दी गृह मर्मत सुधार कार्य भएको छ।





बन्दी गृह मर्मत सुधार

३.१.१८ कार्यालय भवन मर्मत सुधार

आ.व. २०८०/०८१ मा कसरामा रहेको निकुञ्ज कार्यालयको घडियाल संरक्षण तथा प्रजनन केन्द्र, कछुवानी पोष्टमा भान्सा घर मर्मत, देवनगर रेञ्जपोष्टमा चेन गेट निर्माण, दिपानगर रेञ्जपोष्टमा भान्साघर मर्मत तथा बगाईमाडी सेक्टर भवन मर्मत र अमलटारी सेक्टर अन्तर्गत दिव्यपुरी पोष्ट भवन मर्मत सम्भार गरिएको छ।



पोष्ट भवन मर्मत (दिपानगर)



पोष्ट भवन मर्मत (कछुवानी)



चेन गेट निर्माण (देवनगर रे पो)



पोष्ट भवन मर्मत (दिव्यपुरी पोष्ट)

३.२ हात्तीसारहरू आयोजना

यस आर्थिक वर्षमा हात्तीसारहरू आयोजना अन्तर्गत निर्माण तथा मर्मत सुधार गरिएका भौतिक पूर्वाधारहरूको तथा अन्य कार्यक्रमहरूको छोटकरी विवरण देहाय बमोजिम रहेको छ ।

३.२.१ सार्वजनिक सौचालय निर्माण

पर्यटक तथा हात्तीसारका कार्मचारीहरूलाई विशेष मध्यनजर गर्दै आ.व. २०८०/०८१ मा चितवन राष्ट्रिय निकुञ्जको हात्तीसार प्रजनन् केन्द्र खोरसोरमा १ वटा व्यवस्थित शौचालयको निर्माण गरिएको छ । जसबाट निकुञ्जको सरसफाईमा योगदान पुगेको छ ।

३.२.२ हात्ती/चितुवा प्रभावित क्षेत्रमा सोलार आउटडोर ल्याम्प जडान

रातको समयमा वन्यजन्तु सम्बन्धी विभिन्न गतिविधिहरू तथा वन्यजन्तुबाट हुन सक्ने क्षतिबाट बच्ने उद्देश्यले निकुञ्जको हात्तीसार प्रजनन् केन्द्र खोरसोरमा जम्मा ३ वटा सोलार आउटडोर ल्याम्प जडान गरिएको छ । वन्यजन्तुबाट हुने सक्ने जोखिम बारे सतर्कता अपनाउन सक्ने अपेक्षा गरिएको छ ।



सोलार आउटडोर ल्याम्प जडान

३.२.३ हात्तीको सेडघर निर्माण

निकुञ्जमा हात्तीहरूको लागि सेडघर अभाव भएको हुँदा निकुञ्जको हात्तीसार प्रजनन् केन्द्र खोरसोरमा १ वटा सेडघर निर्माण गरिएको छ । यस आ.ब मा आर.सी.सी. सहितको हात्तिको सेडघर निर्माण गरिएको छ । साथै खोरसोरमा नै हात्ती राख्ने सेडघरको मर्मत समेत गरिको थियो ।



हात्तीको सेडघर, बेलशहर

३.४ तालीम/गोष्ठी, अन्तरक्रिया तथा अन्य कार्यक्रम

३.४.१ कर्मचारी तथा समुदाय स्तरमा तालिम

यस निकुञ्जमा कार्यरत कर्मचारीहरू रेञ्जर, सिनियर गेमस्काउट, गेमस्काउट र हात्तीसारका कर्मचारीलाई क्षमता अभिबृद्धि गर्ने उद्देश्यले वन्यजन्तु उद्धार तथा व्यवस्थापन तालिम, सामुदायिक वन व्यवस्थापन तालिम तथा सरोकारवालहरूसंग अन्तक्रृया गोष्ठी लगायत अन्य तालिम तथ गोष्ठीहरू सञ्चालन गरिएको थियो । उक्त तालीमहरूमा संरक्षण क्षेत्रहरूको बारेमा, निकुञ्जको ऐन कानून, नीति नियम, मध्यवर्ती सामुदायिक वन, चोरी शिकार तथा चोरी निकासी जस्ता अवैध क्रियाकलाप, वन्यजन्तुको आनीबानी सम्बन्धी, मानव-वन्यजन्तु द्वन्द्व, वन्यजन्तु उद्दार तथा व्यवस्थापन, मुद्दा सम्बन्धि विविध जानकारीहरू सहित नियमित गस्ती तथा नेपाली सेनासंगको समन्वय र सहकार्य बारेमा जानकारी गराईएको थियो । नेपालमा वन्यजन्तु संरक्षणमा निकुञ्ज प्रशासन, नेपाली सेना र स्थानीय जनसमुदायको भूमिका र योगदानको बारेमा समेत जानकारी गराउने गरी तालीम सञ्चालन गरिएको थियो ।



सामुदायिक वन व्यवस्थापन तालिम



कर्मचारी/सेनालाई वन्यजन्तु उद्दार एवं ऐन नियम सम्बन्धी पुनर्ताजकी तालिम

३.४.२ बाघ दिवस २०२३

सन् २०१० मा रसियाको सेन्ट्स पिटर्सबर्गमा सम्पन्न विश्व बाघ मञ्चको बैठकले जुलाई २९ लाई विश्व बाघ दिवसको रूपमा मनाउने निर्णय गरेको थियो । तत् पश्चात बाघ पाईने राष्ट्रहरूले जसलाई २९ लाई विश्व बाघ दिवसको रूपमा मनाउदै आएका छन् । चितवन राष्ट्रिय निकुञ्जले बाघ संरक्षण तथा बाघ संरक्षण सम्बन्धि जनचेतना फैलाउने उद्देश्यका साथ हरेक वर्ष जुलाई २९ मा विश्व बाघ दिवस मनाउदै आएको छ । यस आ.व. २०८०/०८१ मा नेपाल सरकारबाट स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत राष्ट्रिय निकुञ्ज तथा आरक्ष आयोजनाको चालु खर्च तर्फ खर्च शिर्षक नं. २२५२९ (२.७.२७.८) बाघ दिवस (जुलाई २९) कार्यक्रम मनाउनको लागि बजेट बिनियोजन भई कार्यन्वयन निर्देशन प्रप्त भएको । सोही अनुसार चितवन राष्ट्रिय निकुञ्जमा जुलाई २९ मा "मानव-बाघ सहअस्तित्व" "ज्फबल-त्प्नभच ऋय-भ्हष्कतभलअभ" को मुल नाराका साथ विश्व बाघ दिवस, २०२३ विभिन्न कार्यक्रम गरी मनाईयो । हाल चितवन राष्ट्रिय निकुञ्जमा १२८ वटा बाघको संख्या रहेको छ ।



बाघ दिवस २०२३

३.४.३ विश्व सिमसार दिवस (फेब्रुअरी २)

हरेक वर्ष विश्वभरी फेब्रुअरी २ को दिन सिमसार सम्बन्धी विभिन्न कार्याक्रम गरेर विश्व सिमसार दिवस मनाउने गरिन्छ। वीस हजार ताल सरसफाई तथा खगेन्द्रमल्ली उपभोक्ता समितिमा सिसारको महत्व लगाएत विषयमा छलफल गरी "सिमसार-मानव हितको आधार" भन्ने मुल नाराका साथ विश्व सिमसार दिवस- २०२४, मा यस निकुञ्जमा मनाईएको थियो ।





विश्व सिमसार दिवस-२०२४

३.४.४ विश्व वन्यजन्तु दिवस (मार्च ३)

हरेक वर्ष विश्वभरी मार्च ३ मा वन्यजन्तु संरक्षण तथा वन्यजन्तुको वासस्थान व्यवस्थापन सम्बन्धी विभिन्न कार्याक्रम गरेर विश्व वन्यजन्तु दिवस मनाउने गरिन्छ। कुरुंगा उपभोक्ता समिति र पटिहान उपभोक्ता समिति अन्तर्गतका उपभोक्ताहरूलाई यस कार्यालयको कसरामा वन्यजन्तु संरक्षण तथा वन्यजन्तुको वासस्थान व्यवस्थापन विषयमा छलफल गरी यस निकुञ्जमा मनाईएको थियो ।

३.४.५ वन्यजन्तु सप्ताह (वैशाख १-७)

हरेक वर्ष नेपालमा बैशाख १-७ मा वन्यजन्तु संरक्षण तथा वन्यजन्तुको वासस्थान व्यवस्थापन, मानव-वन्यजन्तु सहअस्तित्व, चोरीशिकार नियन्त्रण जस्ता विषयहरू सम्बन्धी विभिन्न कार्याक्रम गरेर वन्यजन्तु सप्ताह मनाउने गरिन्छ। यस वर्ष चितवन राष्ट्रिय निकुञ्जमा बैशाख १ गते कार्यालयमा रहेको नेपाल सरकारको, निकुञ्जको र विश्व सम्पदा सूचीको झण्डा नयाँ अनावरण गरेका थियौ। २ गते लोथर उपभोक्ता समितिमा जैविक विविधता संरक्षणमा युवाको भूमिका, जिम्मेवारी लगाएतको विषयमा अन्तक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो भने ०७ गते यस कार्यालयमा वन वन्यजन्तु, वातावरण तथा जैविक विविधता संरक्षणमा अहोरात्र खटिई योगदान पुराउनुहुने निकुञ्ज प्रशासनका ४ जना र खड्गदल गण, कसरा व्यारेकका ४ जना गरि ८ जनालाई २९ औ वन्यजन्तु सप्ताहा, २०८१ को अवसरमा कदर-पत्र प्रदान गरिएको थियो। कदर पत्र प्रप्त गर्नेहरूमा खरिदार श्री हरेश कुमार सहनी, गेमस्काउट श्री कृष्ण वि.क., गेमस्काउट श्री अन्जन महतो, माहुत गोपाल चौधरी, श्री सहसेनानी श्री सुवास कार्की, जमदार कुल बहादुर खत्री, हुद्धा खकेन्द्र बहादुर थापा र हुद्धा प्रकाश राम कोली रहेका थिय। "वन्यन्तुको संरक्षण: पर्यापर्यटन र आय आर्जन" "Wildlife Conservation : Ecotourism and Income Generation" भन्ने मुल नाराका साथ वन्यजन्तु सप्ताह (बैशाख १-७), मा यस निकुञ्जमा मनाईएको थियो।





वन्यजन्तु सप्ताह, २०८१ (बैशाख १-७)

३.४.६ बच्चा हात्तीलाई तालीम

आ.व. २०८०/०८१ मा यस निकुञ्जको हात्ती प्रजनन् केन्द्र, खोरसोरमा रहेका ५ वटा बच्चा हात्तीलाई तालिम दिईएको छ। प्रजनन् केन्द्रमा रहेका रुद्रकली, शिवगंज, मन बहादुर गज, कमलप्रसाद र बुद्धगज हात्तीहरूलाई तालीम दिईएको हो। दुई वटा ठूला हात्तीहरूको बीचमा बच्चा हात्ती राखेर करिब १ महिना तालिम दिने गरिन्छ। हात्तीलाई कमाण्ड गर्ने साथै हात्तीको अनिबानीमा सुधार ल्याउने, गस्ती तथा वन्यजन्तु उद्दार कार्यमा प्रयोग गर्ने उद्देश्यले बच्च्चा हात्तीलाई तालीम प्रदान गरिएको थियो। प्रशिक्षित कर्मचारी र भेटेरिनरी डाक्टरहरूको प्रत्यक्ष निगरानीमा तालिम सञ्चालन गरिएको थियो।



बच्चा हात्तीलाई तालीम

भाग ४: वन्यजन्तुको मृत्यु, उद्दार र व्यवस्थापन

४.१. वन्यजन्तुको मृत्यु

आ.व. २०८०/०८१ मा यस निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा गरी गैंडा २१ वटा, बाघ ८ वटा, हात्ती ५ वटा, घडियाल गोही २ वटा, मगर गोही २ वटा, बँदेल १ वटा, चितल २४ वटा, लगुना १ वटा, रतुवा ६ वटा, जरायो ४ वटा र अन्य २ गरी जम्मा ७६ वटा वन्यजन्तुको मृत्यू भएको छ। वन्यजन्तुको मृत्यु सम्बन्धी विस्तृत विवरण अनुसूची ५ मा रहेको छ।

४.१.१ गैंडा

आ.व. २०८०/०८१ मा निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको विभिन्न क्षेत्रमा जम्मा २१ वटा गैडा मरेको छ। मरेका गैंडा मध्ये ७ वटा भाले, ११ वटा पोथी र लिङ्ग पहिचान हुन नसकेको ४ वटा छन्। जसमा प्राकृतिक कारण (जुधेर, बुढो भै कालगतिले, बाघले आक्रमण, बिरामी भएर) १७ वटा, चोरी शिकारबाट ३ वटा र अन्य वटा गैंडाको मृत्यु भएको छ।

४.१.२ बाघ

आ.व. २०८०/०८१ वर्षमा निकुञ्जको विभिन्न क्षेत्रमा ८ वटा पाटे बाघको मृत्यु भएको छ, जसमा ३ वटा पोथी, ५ वटा भाले मृत अवस्थामा रहेको। मृत्यु भएका बाघहरू प्राकृतिक कारणले मरेको विवरण प्राप्त भएको छ।

४.१.३ हात्ती

आ.व. २०८०/०८१ मा यस निकुञ्ज कार्यालयको मार्दी घोल नजिक रामगजलाई शेषप्रसाद हातिले अत्रमण गरेको, बाघमारा रेपो नजिक पृथ्विकली प्राकृतिक, मेघौली गोलाघाट पारसगज बिरामी भएर, र.न.पा.५, जनकौली पुनमकली र वगाइमाडी सेक्टर देखि पूर्वी क्षेत्र अर्को भाले हात्तीसँग जुधेर गरी ५ वटा हात्तीको मृत्यु भएको छ।

४.१.४ घडियाल गोही

आ.व. २०८०/०८१ मा यस निकुञ्जको खगेन्द्रमल्ली पोष्ट नजिक मानिसले हिर्काएर र ढुङ्गेखोला र राप्ती दोभन स्थानमा प्राकृतिक कारणले गरी २ वटा घडियाल गोहीको मृत्यु भएको विवरण प्राप्त भएको छ।

४.१.५ अन्य वन्यजन्तु

यस आर्थिक वर्षमा यस निकुञ्जको मध्यवर्ती क्षेत्रमा हात्ती, गैंडा, बाघ बाहेक अन्य वन्यजन्तुहरू जस्तै रतुवा, चितल, मगर गोही, जरायो, बँदेल, लगुना, बाँदर, जस्ता वन्यजन्तुहरू विभिन्न समयमा मृत फेला परेको छन्।

४.२. वन्यजन्तु नियन्त्रण, उद्धार र व्यवस्थापन

निकुञ्ज तथा यसको जैविक विविधताको संरक्षण कार्यमा निकुञ्ज प्रशासन, नेपाली सेना र स्थानी समुदायसंगसगै अन्य सरोकारवाला निकायको भूमिका प्रभावकारी भएसंगै वन्यजन्तुको संख्यामा उल्लेखनीय वृद्धि भएको, साथै मानव-वन्यजन्तु बीचको द्वन्द्व पनि बढेको छ। गैंडा, हात्ती, बाघ, चितुवा, भालु लगायतका वन्यजन्तुबाट मानव मृत्यु, मानव घाईते, पशुधन क्षति, घरगोठ क्षति र अन्नबाली क्षति वर्षेनी हुने गरेको छ। निकुञ्ज कार्यालयले समस्याग्रस्त वन्यजन्तुहरूलाई नियन्त्रण र व्यवस्थापन गर्नुको साथै घाईते, टुहुरा र बिरामी वन्यजन्तुहरूको उद्दार र व्यवस्थापनका कार्यहरू गर्दै आईरहेको छ। विशेष गरी उद्दार कार्यमा निकुञ्ज प्रशासनका कर्मचारी, हात्तीसारका कर्मचारी, नेपाली सेना, ल्ल्ह्र, ऋद्यब्एर, उपभोक्ता समूह, समिति, स्थानीय जनता र अन्य सम्बन्धित सरोकारवालाहरूको प्रत्यक्ष र अप्रत्यक्षरूपमा ठूलो भूमिका र योगदान रहेको छ।

यस आ.व.मा बिभिन्न पोष्टहरूबाट उपलब्ध गराईएको विवरण अनुसार विभिन्न समयमा विभिन्न प्रजातिका जनावरहरू उद्दार गरिएको छ। आ.व. २०८०/०८१ मा गैंडा ३ वटा, बाघ ११ वटा, चितल ६ वटा, मगर गोही ११ वटा, जरायो १ वटा, अजिंगर १४१ वटा, सर्प ३३ वटा, सुन कछुवा १ वटा, घडियाल गोही १ वटा, सालक १ र बँदेल २ वटा, चितुवा २ वटा र अन्य ९ गरी जम्मा २२२ वटा वन्यजन्तुहरूको उद्दार गरिएको छ। उपचार पश्चात प्राकृतिक वासस्थानमा छाडिएको थियो। आ.व. २०८०/०८१ मा उद्दार गरिएका वन्यजन्तुहरूको विस्तृत विवरण अनुसूची-४ मा राखिएको छ।

भाग ५: मुद्दा र वन्यजन्तु अपराध नियन्त्रण

५.१. मुद्दा सम्बन्धी विवरण

यस आर्थिक वर्षमा वन र वन्यजन्तु सम्बन्धी ४ वटा मुद्दा यस कार्यालयमा दायर भएका छन् भने २ वटा मुद्दा जिल्ला अदालतमा दायर भएको छ। जस मध्ये वन पैदावार सम्बन्धी ३ वटा र वन्यजन्तु सम्बन्धी १ वटा मुद्दा यस कार्यालयमा दर्ता भएका छन् भने गैंडा सम्बन्धी १ वटा नवलपरासी जिल्ला अदालतमा दर्ता भएको छ, जसमा ३ जना पक्राउ परेका छन भने २ जना फरार रहेका छन र हात्ती सम्बन्धी २ वटा मुद्धा चितवन जिल्ला अदालतमा दर्ता भएको छ, जसमा ५ जना प्रतिवादीहरू पक्राउ परेको छन। यस आर्थिक वर्षमा ७ वटा मुद्दामा १९ जना पक्राउ परेका छन् भने २ जना प्रतिवादीहरू फरार छन्। यस आर्थिक वर्षमा विगतका आर्थिक वर्षहरूमा दायर भएका गैडा सम्बन्धी मुद्दाका १ जना फरार रहेका प्रतिवादीहरू पक्राऊ भएका छन्। यस आ.ब.मा ६०२ जना अबैध रूपमा निकुञ्ज प्रवेश गर्ने, घाँस दाउरा संकलन गर्ने, माछा मार्ने, नदीजन्य सामग्रीहरू चोरी निकासी गर्नेहरूलाई जरिवाना गरिएको छ। मुद्दा सम्बन्धी विस्तृत विवरण अनुसूची-९ र १० मा राखिएको छ।

५.२. जिल्ला स्तरीय वन्यजन्तु अपराध नियन्त्रण ईकाईको बैठक

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक एवं केन्द्रीय स्तरको वन्यजन्तु अपराध नियन्त्रण ईकाईका संयोजकको उपस्थितिमा मिति २०६८। ४। २५ गते पहिलो जिल्लाको रूपमा चितवन जिल्ला स्तरीय वन्यजन्तु अपराध नियन्त्रण ईकाई (ध्र्षमिषभ ऋचष्भ ऋयलतचर्या द्यगचभबग, ऋजष्तधबल) गठन भएको थियो। यस आर्थिक वर्षमा २ पटक यो बैठक सम्पन्न भएको छ। मिति २०८०/०८/०४ गते कसरा, चितवनमा, चितवन जिल्ला प्रशासन कार्यालय, डिभिजन वन कार्यालय, सशस्त्र प्रहरी वल, जिल्ला प्रहरी कार्यालय, नेपाली सेना (खड्गदल गण र नयाँ सबुज गण) र मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको प्रतिनिधिहरूको र २०८०/१०/०९ गते कसरा, चितवनमा, चितवन जिल्ला प्रशासन कार्यालय, डिभिजन वन कार्यालय, सशस्त्र प्रहरी वल, जिल्ला प्रहरी कार्यालय, नेपाली सेना श्री नं.२ वन तथा पर्यावरण सुरक्षा गण र मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको प्रतिनिधिहरूको विशेष उपस्थितिमा चितवन जिल्ला स्तरीय वन्यजन्तु अपराध नियन्त्रण ईकाइको बैठक बसी विभिन्न वन र वन्यजन्तु अपराध लगायत अन्य विभिन्न प्रस्तावहरू माथि छलफल गरी निर्णयहरू भएको छ।

भाग ६: पर्या-पर्यटन

६.१. पर्यटन सम्बन्धी विवरण

चितवन राष्ट्रिय निकुञ्ज नेपालको तेस्रो पर्यटकीय गन्तव्यको रूपमा स्थापित भएको छ। अपार जैविक विविधताको धनी यस निकुञ्ज स्वदेशी तथा विदेशी पर्यटकहरूको आकर्षणको केन्द्र बिन्दु बनेको छ। यस निकुञ्जको राजश्व आम्दानीको प्रमुख स्रोत पर्या-पर्यटन हो। पर्यटकलाई आकर्षित गर्न वन्यजन्तु बिचरण भई रहेको दृश्य अवलोकनको लागि बिभिन्न स्थानहरूमा टावर निर्माण, जीप सफारी, पैदल यात्रा, डुङ्गा विहार, हात्ती सफारी आदि सेवाहरू निरन्तर उपलब्ध गराईएका छन्। सौराहा संग्रहालय, गोही संरक्षण तथा प्रजनन् केन्द्र, हात्ती प्रजनन् केन्द्र, थारु सांस्कृतिक सूचना केन्द्रको स्थापना, होमस्टेको शुरुवात र सञ्चालनले पर्या-पर्यटन व्यवसाय प्रवर्द्धनमा टेवा पुगेको छ। व्यवसायिक पर्या-पर्याटन सेवा प्रदान गर्नको लागि नेचर गाइड तालिम जस्ता कार्य सञ्चालन गरिएका छन्।

आ.व. २०८०/८१ मा यस निकुञ्जको भ्रमण गर्ने पर्यटकहरूको कूल संख्या ३०,६,८३४ जना रहेको छ, जस मध्ये महिला १,४१,१५५ र पुरुष १,६५,६७९ छन् भने विदेशी, सार्क र नेपाली पर्यटकको संख्या क्रमश ९४,०५०, ३६,४७१ र १,७६,३१६ जना रहेको छ। यस निकुञ्ज भ्रमण गर्ने पर्यटकहरू मध्ये ३०.६५% विदेशी, ११.८८% सार्क र ५७.४६% नेपाली नागरिक रहेका छन्। निकुञ्जको सौराहा, घटगाई, कसरा, वनकट्टा, मेघौली, कुजौली, लौखानी, अमलटारी गरी ९ स्थानबाट पर्यटकहरूलाई निकुञ्ज प्रवेश गर्ने सुविधा दिईएको छ। प्रवेशद्वार अनुसार सौराहा प्रवेशद्वारबाट सवैभन्दा धेरै ८९.३९% पर्यटकहरू निकुञ्ज भित्र प्रवेश गर्ने गरेका छन्, भने राप्ती पुलगेट कसराबाट ५.२% मेघौलीबाट ३.७८% र अमलटारी प्रवेशद्वारबाट १.०५% प्रतिशत पर्यटकरु निकुञ्ज प्रवेश गरेका छन्। विस्तृत विवरण अनुसूची-२० मा छ।

भाग ७ : राजश्व तथा बेरुजु सम्बन्धी विवरण

७.१ राजश्व सम्बन्धी विवरण

आ.व. २०८०/८१ मा यस निकुञ्ज कार्यालयमा विभिन्न शिर्षकहरूबाट कूल राजश्व रु. ३६,७२,९२,८०७ संकलन भएको छ। यस आ.व.मा प्राप्त राजश्वको विवरण अनुसूची- १९ र २० मा दिईएको छ।

तालिका ७: राजश्व विवरण आ.व. २०८०/८१

रावश्व विवरण	संकलित राजश्व रकम रु. (मु.अ.कर समेत)
काठ र दाउरा बिक्री बापत	१२१८८९१२.९
गैरकाष्ठ वन पैदवार बिक्री बापत	४६५३५४६९.३
प्यापयटनबाट प्राप्त रावश्व	३०५७१८४००
न्यायिक दण्ड सजायबाट प्राप्त रावश्व	१३७६१२५
अन्य शिर्षकबाट प्राप्त राजश्व	१४७३९००
कूल राजश्व रकम रु.	३६७२९२८०७

७.२ बेरुजु सम्बन्धी विवरण

आ.व. २०७७/०७८ को म.ले.प.को प्रतिवेदन अनुसार यस चितवन राष्ट्रिय निकुञ्ज कार्यालयको कूल बेरुजु रकम रु. २,०९,२६,०००/- रहेकोमा आ.व. २०७८/०७९ मा रु. १,३८,३७,९१३.६० बेरुजु रकम फछ्यौट भएको र रु.७०,८८,०८६.४० बाँकी रहेको छ। यस आ.व. २०७९/०८० मा भने कुनै पनि बेरुजु फछ्यौट भएको छैन।

भाग ८ : प्रशासनिक विवरण

८.१ सांगठनिक संरचना

निकुञ्ज प्रशासन तर्फ निकुञ्जलाई मूख्य कार्यालय सहित सौराहा सेक्टर, कसरा सेक्टर, अमलटारी सेक्टर र बगईमाडी सेक्टर गरी जम्मा ४ सेक्टर ३८ वटा पोष्टबाट निकुञ्ज संरक्षण, व्यवस्थापन र प्रशासनिक कार्यलाई व्यवस्थित गरिएको छ। साथै निकुञ्ज सुरक्षा तर्फ ४८ वटा पोष्टमा नेपाली सेना रही सुरक्षा व्यवस्थाको जिम्मा लिई तैनाथ भएको छ।

हाल निकुञ्ज प्रशासन तर्फ २२८ र हात्तीसार तर्फ १५५ गरी जम्मा ३८३ जनाको स्वीकृत दरबन्दी रहेकोमा प्रशासन तर्फ १३१ स्थायी र २२ जना सेवा करार गरी जम्मा १५३ जना कार्यरत रहेका छन्। त्यस्तै हात्तीसार तर्फ ३८ जना स्थायी र १०४ जना सेवा करार गरी जम्मा १४२ जना कार्यरत रहेका छन्। यस कार्यालयमा कार्यरत कर्मचारीहरूको दरबन्दी अनुसूची ८ मा दिईएको छ।

भाग ५ : अन्य विविध

५.१ अध्ययन अनुसन्धान अनुमति तथा चलचित्र छायांकन अनुमति

आ.व. २०८०/८१ मा विभिन्न संघसंस्थामा आवद्ध ६३ जना व्यक्तिहरूले यस निकुञ्ज तथा यसको मध्यवर्ती क्षेत्रमा मानव वन्यजन्तु-द्वन्द्व, मिचाहा प्रजाति, विभिन्न वन्यजन्तुको अवस्था सम्बन्धी, चरा सम्बन्धी, घाँसे मैदान सम्बन्धी, घडियाल गोही सम्बन्धी, गैडा सम्बन्धी, सामुदायिक वन सम्बन्धी, सिमसार क्षेत्र सम्बन्धी, घरपालुवा हात्ती, गौरीगाई सम्बन्धी, माछा तथा पानीको शुद्धता सम्बन्धी, पर्यापर्यटन सम्बन्धी, पारिस्थिकीय प्रणाली सम्बन्धी, गिद्ध सम्बन्धी लगायतका विविध विषयमा अध्ययन अनुसन्धान अनुमति लिएर अध्ययन अनुसन्धान गरेका छन । यस आ.व.मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट अनुमति लिई १० वटा संघ संस्थाले चलचित्र छायाँकन तथा भिडियो डकुमन्ट्री तयार गरेका छन् । अध्ययन अनुसन्धान विषयको सम्पूर्ण विवरण अनुसूची-२२ र चलचित्र छायाँकन तथा भिडियो डकुमन्ट्री सम्बन्धी विवरण अनुसूची-२३ मा राखिएको छ ।

५.२. मूख्य संरक्षणका साझेदार संस्थाहरूको संरक्षण र व्यवस्थापनमा सहभागिता

यस निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको संरक्षण एवं विकासका लागि WWF Nepal, NTNC / ZSL Nepal मुख्य साझेदारका रूपमा रहेका छन् । नेपाल सरकारले WWF Nepal को आर्थिक सहयोगमा तराई भू-परिधि कार्यक्रम मार्फत विभिन्न कार्यक्रमहरू सञ्चालन गरेका छन् ।

५.३. ईन्टर्नशीप

आ.व. २०८०/०८१ मा यस वन तथा वातावरण मन्त्रालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, बबरमहल काठमाण्डौबाट विभिन्न विश्वविद्यालयमा स्नातक तहमा अध्ययनरत विद्यार्थीहरूलाई यस निकुञ्जमा ५ महिना ईन्टर्नको लागि पठाइएका थिए । ईन्टर्नमा आएका विद्यार्थीहरूले देहायका सहायक सरक्षण अधिकृतहरको प्रत्यक्ष सुपरभाईजमा कार्यालयको प्रशासनिक तथा प्राविधिक कामकाज सिक्नुका साथै विभिन्न विषयमा आफ्नो Thesis Research सम्पन्न गरेका थिए ।

तालिका नं. ८ : ईन्टर्नशिप सम्बन्धी विवरण

क्र.सं.	विद्यार्थीको नाम	विश्वविद्यालयको नाम	सुपरभाईजर
१.	व्यञ्जना शर्मा	त्रिभुवन विश्वविद्यालय, काठमाण्डौ फरेष्ट्रि कलेज, काठमाण्डौ	सं.अ. महेश न्यौपाने
२.	सारिका कट्वाल	कृषि तथा वन विज्ञान विश्वविद्यालय, वन संकाय, हेटौंडा	सं.अ. गणेश प्रसाद तिवारी

५.४. वन्यजन्तुको अनुगमन

विभिन्न समयमा गरिएको अध्ययन अनुशन्धान अनुसार यस निकुञ्जमा रहेका वन्यजन्तुहरूको अवस्था यस प्रकारको रहेका छन् ।

तालिका नं. ९

क्र.सं.	प्रजाती	संख्या	कैफियत
१	गैडा	६९४	भाले १२८, पोथी १७४, लिङ्ग नछुट्टिएको ३९२ (राष्ट्रिय गैंडा गणना, सन् २०२१)
२	बाघ	१२८	राष्ट्रिय बाघ गणना सन् २०२२

३	घडियाल गोही	२१९	मिति २०७५ मा गरिएको राष्ट्रिय गणना अनुसार
४	जंगली हात्ती	४०-५०	सन् २००२ मा गरेको गणना अनुसार
५	काठे भालु	२७१	दिनेश घिमिरेले सन् २०११ मा गरेको अध्ययन प्रतिवेदन अनुसार
६	गौरीगाई	३८८	२०७७ को गणना अनुसार
७	डल्फिन	२	२०७० माघ महिनामा भएको अनुगमन अनुसार
८	मगर गोही	३८८	मिति २०७२ चैत्र महिनामा गरिएको राष्ट्रिय गणना अनुसार
९	हिउँदे आगन्तुक चरा	२९५३३	२०७५ पौष महिनामा गरिएको अनुगमन अनुसार

भाग १० : मध्यवर्ती क्षेत्र व्यवस्थापन

१०.१. चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रको संक्षिप्त परिचय

संक्षिप्त परिचय

मध्यवर्ती क्षेत्र घोषण : २०५३ । ८ । १७ (सन् १९९३)

क्षेत्रफल : ७२९.३७ वर्ग कि.मी. (२०७३ । ७ । १ गतेको राजपत्रको सूचनाबाट)

जिल्ला : चितवन, पर्सा, नवलपरासी र मकवानपुर

जिल्ला अनुसार गाउपालिका/नगरपालिका/महानगरपालिकाको संख्या

म.न.पा/न.पा./गा.पा.	चितवन	पर्सा	नवलपरासी	मकवानपुर	जम्मा
गाउपालिका	०	१	१	१	३
नगरपालिका	४	०	४	०	८
महानगरपालिका	१	०	०	०	१

वडा संख्या : १२२ (साविक २२३)

उपभोक्ता समिति : २१ उपभोक्ता समिति र १ उपभोक्ता उप–समिति

उपभोक्ता समूह : १८९१ (महिला ९१३, पुरुष ८९२ र मिश्रित ८६)

घरधुरी संख्या : ५४१५५

जनसंख्या : २,६९,७६९ (पुरुष १,३२,०७३ र महिला १,३७,६९६)

भू-उपयोगको अवस्था

क्र.सं.	विवरण	वर्ग कि.मी.	प्रतिशत	कैफियत
१	आवादी	३५५.०१	४६.२५	
२	बन	३२९.३०	४२.९	
३	घाँसे मैदान	८.७	१.१३	
४	बुट्टयान	९.७४	१.२६	

मध्यवर्ती सामुदायिक वनको अवस्था

विधान दर्ता : ७६

हस्तान्तरण : ७३

हस्तान्तरित सामुदायिक वनको क्षेत्रफल : १५२०७.२० हेक्टर

हस्तान्तरित सामुदायिक वनको घरधुरी संख्या : ४८७३६

हस्तान्तरित सामुदायिक वनको उपभोक्ता संख्या : २४६४१३ (महिला १२६८९४ जना र पुरुष १२३८४४ जना)

मध्यवर्ती निजी वन

वन दर्ता : १३ वटा

निजी वनको क्षेत्रफल : २०-०५-२/२.२५

मध्यवर्ती कबुलियती वन

वन दर्ता : ३ वटा

कबुलियती वनको क्षेत्रफल : १९.६८ हेक्टर

कबुलियती वनको घरधुरी संख्या : २१ (लाभान्वित जनसंख्या: १६०)

मध्यवर्ती सहकारी संस्था

सहकारी संख्या : २३ वटा

सहकारी सदस्य संख्या : २६०९० जना

(महिला १४५७५, पुरुष १११६९ र संस्थागत ३४६ वटा)

समुदायमा आधारित चोरीशिकार नियन्त्रण युवा जागरण उपसमिति : २२ वटा

१०.२ नीति तथा उद्देश्य

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९, मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली २०५२, मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका २०५६, चितवन राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र व्यवस्थापन योजना अनुरूप जनसहभागिताको आधारमा प्राकृतिक स्रोत संरक्षण र सदुपयोग, सामुदायिक विकास तथा जीविकोपार्जन सुधारका कार्यक्रम सञ्चालन तर्ने नीति रहेको छ । स्थानीय उपभोक्ता समूह/समिति मार्फत मध्यवर्ती क्षेत्रमा सामुदायिक विकास, संरक्षण, आयआर्जन, सीपमूलक एवं चेतनामूलक कार्यक्रम, मध्यवर्ती क्षेत्रको वन व्यवस्थापन, मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण, राहत वितरण, पर्यापर्यटन, पशुस्वास्थ्य, नदी कटान क्षतिपुर्ति वितरण र निकुञ्ज व्यवस्थापनमा सहयोगी कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गरी प्राकृतिक स्रोतमा आत्मनिर्भर बनाई निकुञ्जको दिगो संरक्षण गर्ने उद्देश्य रहेको छ ।

१०.३ संगठन संरचना

मध्यवर्ती क्षेत्र उपभोक्ता समितिहरूको प्रतिनिधिमूलक संस्थाको रूपमा मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति रहेको छ । पहिलो मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको गठन मिति २०५४।११।२५ मा भएको थियो । उक्त समितिको ५ वर्षको अवधि पुरा भए पछि मिति २०५९।१२।१४ मा गठन भएको, दोश्रो समितिको पदावधि समाप्त भएको करिब एक वर्ष पछि मिति २०६५।११।१८ मा तेस्रो पटक मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति गठन भएको थियो । यस समितिको कार्यकाल समाप्त भएको १० महिनापछि मिति २०७१।०८।०५ मा चौथो र २०७६ श्रावण १३ गते पाँचौपटक मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति गठन भई पूनर्गठन गर्ने कार्यक्रम समेत सम्पन्न भएको छ । मध्यवर्ती क्षेत्रमा वन पैदावरको व्यवस्थापन र सामुदायिक विकासका लागि रकम निर्धारण गर्न मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको बैठकमा मध्यवर्ती उपभोक्ता समितिका अध्यक्षहरू मध्येबाट एक जना, मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको अध्यक्ष छनौट हुने अन्य अध्यक्षहरू सदस्य रहने व्यवस्था रहेको र निकुञ्जका प्रमुख संरक्षण अधिकृतले सदस्य सचिवको भूमिका निर्वाह गर्ने र सम्बन्धित स्थानीय तहका प्रतिनिधीहरू सदस्य रहने प्रावधान रहेको छ ।

हालको व्यवस्थापन समितिका पदाधिकारीहरूको विवरण अनुसूचि ११ मा समावेश छ ।

१०.४ मध्यवर्ती क्षेत्रका कार्यक्रम

मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, उपभोक्ता समिति र उपभोक्ता उप-समिति तथा उपभोक्ता समूह मार्फत मध्यवर्ती क्षेत्रका कार्यक्रमहरू सञ्चालन हुदै आएको छ ।

१०.४.१ उपभोक्ता समितिको वर्गीकरण र बजेट विनियोजन तथा निकासा

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को प्रावधान बमोजिम मध्यवर्ती क्षेत्रको संरक्षण, सामुदायिक विकास, आयआर्जन, संरक्षण शिक्षा र प्रशासनिक खर्च लगायतका कार्यका लागि निकुञ्जको आम्दानीको ३०% देखि ५०% सम्म प्राप्त हुने रकम मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६ ले गरेको व्यवस्था बमोजिम विनियोजन गरी खर्च गर्नु पर्ने प्रावधान रहेको छ । यस आर्थिक वर्षमा रु. ६,३०,००,००० । - रकम निकासा भै २१ वटा उपभोक्ता समिति, १ वटा उपसमिति र मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिमा स्वीकृत कार्यक्रम अनुसार कार्यान्वयन भएकोमा रु.६,०८,३७,०००/- रकम खर्च भएको छ । सो कार्यक्रमको प्रगति विवरण अनुसूची-१ मा उल्लेख गरिएको छ ।

प्रभावित क्षेत्र, जनसंख्या, क्षेत्रफल र वन्यजन्तुले पुऱ्याएको क्षतिको आधारमा उपभोक्ता समितिहरूको वर्गीकरण गरिएको छ। मध्यवर्ती क्षेत्र घोषण पश्चात आ.व २०५२/०५३ देखि गत आ.व. २०८०/०८१ सम्म ३,४९,१३,२१,१८२.४६ (तीन अर्ब बाह्र करोड चालीस लाख अट्ठाईस हजार तीन सय पचहत्तर रूपैया छयालीस पैसा) राजश्व आम्दानी भएकोमा आ.व. २०८०/८१ मा ३६,७२,९२,८०७.००/- राजश्व आम्दनी गरको छ। निकुञ्जको कूल राजश्व आम्दनी गरेको रकमबाट हालसम्म रु. १,२४,६८,७३,८८४। ७५ रकम प्राप्त भई स्वीकृत कार्यक्रममा खर्च भएको छ। आ.व.अनुसारको विस्तृत विवरण अनुसूचि-१२ मा उल्लेख गरिएको छ।

१०.४.१.१ संरक्षण कार्यक्रम

मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६ अनुसार उपभोक्ता समितिमा विनियोजन हुने रकम मध्ये ३०% रकम संरक्षण कार्यक्रममा लगाउन सक्ने प्रावधान रहेको छ। २१ वटा उपभोक्ता समिति र १ वटा उपसमितिहरूले आ-आफ्नो स्वीकृत कार्यक्रम बमोजिम मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि आर.सी.सी./पि.सी.सी. सहितको मेषजाली तारवार निर्माण, वनपथ निर्माण, मचान निर्माण, घाँसेमैदान व्यवस्थापन र सिमसार व्यवस्थापन कार्य भएको छ। यस शिर्षक अन्तर्गत रु.१,८०,००,०००/- रकम स्वीकृत भएकोमा उल्लेखित विभिन्न कार्यक्रमहरूमा प्राप्त रकमको करिव सत प्रतिशत रकम खर्च भएको छ।

संरक्षण कार्यक्रमका केही झलकहरू:



मेशजाली सहित तारबार निर्माण

१०.४.१.२ सामुदायिक विकास

मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६ अनुसार उपभोक्ता समितिमा विनियोजन हुने रकम मध्ये ३०% रकम सामुदायिक विकास कार्यमा लगाउन सक्ने प्रावधान रहेको छ। उपभोक्ता समितिहरूले आ-आफ्नो स्वीकृत कार्यक्रम बमोजिम आर.सी.सी./पि.सी.सी. सहितको मेषजाली तारवार निर्माण, खाने पानी धारा जडान, मचान निर्माण तथा मर्मत सुधार, धार्मिक सँस्कृतिक पर्यटकिय तटबन्धन आदि निर्माण तथा मर्मत सुधारका कार्यहरू भएको छ। यस शिर्षक अन्तर्गत रु.१,८०,००,०००/-रकम स्वीकृत भएकोमा उल्लेखित विभिन्न कार्यक्रमहरूमा प्राप्त रकमको करिव सत प्रतिशत रकम खर्च भएको छ।



मेष जाली निर्माण

१०.४.१.३ आय आर्जन तथा सीप विकास

मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६ अनुसार उपभोक्ता समितिमा विनियोजन हुने रकम मध्ये २०% रकम आय आर्जन तथा सीप विकास कार्यमा लगाउन सक्ने प्रावधान रहेको छ। उपभोक्ता समितिहरूले आ-आफ्नो स्वीकृत कार्यक्रम बमोजिम उपभोक्ताहरूको सीप विकास तथा आयआर्जनका लागि महिना सीप विकास तथा आयअर्जन कार्यक्रम, कृषि तालिम एवं सामाग्री वितरण, आयअर्जन तथा सीप विकास तालिम, कृषि पशुपालन तालिम, होटल व्यवस्थापन तालिम जस्ता तालिम दिनुका साथै जीविकोपार्जन गर्न आवश्यक सामाग्री उपलब्ध गराउने तथा उपभोक्ता समुहमा बचत गरेको रकमबाट सुलभ व्याजदरमा ऋण लिने दिने व्यवस्था गरिएको छ। यस शिर्षक अन्तरगत रु.१,२०,००,०००/-रकम निकासा भै विभिन्न कार्यक्रमहरूमा सत प्रतिशत रकम खर्च भएको छ।









आय-आर्जन तथा सीप विकास कार्यक्रम

१०.४.१.४ संरक्षण शिक्षा

मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६ अनुसार उपभोक्ता समितिमा विनियोजित हुने रकम मध्ये १०% रकम संरक्षण शिक्षा कार्यमा लगाउन सक्ने प्रावधान रहेको छ । उपभोक्ता समितिहरूले आ-आफ्नो स्वीकृत कार्यक्रम बमोजिम विभिन्न प्रकारका संरक्षण सम्बन्धी चेतनामूलक तालीम, गोष्ठी, अनतरक्रिया कार्यक्रम, चोरी शिकारी नियन्त्रणका लागि युवा परिचालन, दिवस समारोह आदि कार्यक्रमहरू सम्पन्न भएका छन् । यस शिर्षक अन्तरगत रु ६०,००,०००/- रकम निकासा भै विभिन्न कार्यक्रमहरूमा सत प्रतिशत रकम खर्च भएको छ ।





संरक्षण शिक्षा कार्यक्रम

१०.४.१.५ प्रशासनिक खर्च

मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६ अनुसार उपभोक्ता समितिमा विनियोजन हुने रकम मध्ये १०% रकम प्रशासनिक खर्चमा खर्च गर्न सक्ने प्रावधान रहेको छ । मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति र यस अन्तरगतका उपभोक्ता समितिहरूले आ-आफ्नो स्वीकृत बजेट बमोजिम आ-आफ्नो कार्यालयको दैनिक प्रशासनिक कार्यमा आवश्यक कार्यालय सामाग्री खरिद, कर्मचारीको लागि तलब, विद्युत महसुल, सञ्चार, ईन्धन, मर्मत तथा विविध जस्ता बजेट शिर्षकहरूमा खर्च गरिएको छ । यस शिर्षक अन्तरगत रु ६०,००,०००/-रकम निकासा भै विभिन्न कार्यक्रमहरूमा सत प्रतिशत रकम खर्च भएको छ ।

१०.५ मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण

मनव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन एक चुनौतिको रूपमा रहेको छ । यस निकुञ्ज र मध्यवर्ती क्षेत्रमा मुख्य गरी मानव र गैंडा, बाघ, हात्ती, बँदेल, भालु, चित्तल, अजिंगर, मगर गोही जस्ता वन्यजन्तुहरू बीचको द्वन्द्व बढी देखिएको छ । द्वन्द्व न्यूनीकरण अन्तरगत मध्यवर्ती क्षेत्रमा उपभोक्ता समितिहरू मार्फत मेषजाली निर्माण, आर.सी.सी. पर्खाल, बिद्युतिय तारबार निर्माण जस्ता कार्यक्रमहरू भएको छ ।

१०.६ क्षतिपूर्ती तथा राहत

वन क्षेत्रबाट जंगली जनावरहरू बाहिर आई क्षति पुऱ्याउने कारण स्थानीय जनताबाट पटक-पटक वन्यजन्तुले पुऱ्याएको क्षतिको राहत माग भै आएको सन्दर्भमा पीडितलाई राहत उपलब्ध गराई वन्यजन्तु मानव बीच अन्तर सम्बन्ध घनिष्ट राख्न नेपाल सरकारले मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन तथा न्यूनीकरणको लागि वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९ नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०६९ । १० । १८ मा स्वीकृत भई कार्यान्वयनमा आईसकेको छ । यो निर्देशिकाको मिति २०७२ । १ । ३१ मा पहिलो र मिति २०७४ । २ । १९ मा दोश्रो संशोधन र २०७५ मा तेस्रो संशोधन

भई कार्यान्वयन भए पनि हाल वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०८० नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भई कार्यान्वयनमा आईसकेको छ । सोही निर्देशिकामा भएको कानूनी व्यवस्था बमोजिम वन्यजन्तुबाट हुने क्षतिको राहत यस निकुञ्ज कार्यालयबाट निकुञ्जको मध्यवर्ती क्षेत्रबाट मावन वन्यजन्तु द्वन्द्व सम्बन्धीका फाईलहरूलाई समेत सिफारिस गरी रकम माग गर्ने व्यवस्था भए बमोजिम गरिएको छ ।

१०.६.१ वन्यजन्तुबाट भएको क्षति तथा राहत

गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा मानव वन्यजन्तु द्वन्द्वको घटना कम भएको छ । गत आ.व.मा ८५६ घटना भएको थियो भने यस आ.व.मा यस कार्यालयमा दर्ता भएको मानव वन्यजन्तु द्वन्द्वको घटना ८१३ रहेको छ । तसर्थ मानव-वन्यजन्तु द्वन्द्व करीब ९४.९७% ले घटेको देखिन्छ । घटनापश्चात निकुञ्जमा राहत माग गर्ने पिडीतको तथ्यांकलाई हेर्दा हालसम्म २६२ मानव मृत्यु, ९१२ घाईते, ३१६३ पशुधन क्षति, ५४९ घरगोठ क्षति, २४२ भण्डारण भएको अन्न क्षति र ४५१९ कृषीबाली क्षति घटना भएको देखिन्छ तथापि लालपुर्जाबीहीन किसानहरूले राहत प्रक्रियामा समावेश हुन नपाउने हुदाँ यो भन्दा धेरै संख्यामा कीसानको बालीनाली क्षति भएको आँकलन गर्न सकिने अवस्थालाई हेर्दा मानव वनयजन्तु सह-अस्तत्वि कायम गर्न चूनौती थपिएको छ ।

यस आर्थिक वर्षमा दर्ता भएको मानव वन्यजन्तु द्वन्द्वको घटना सम्बन्धी तथ्याङ्क हेर्दा यस निकुञ्जको मध्यवर्ती क्षेत्रमा र डिभिजन वन क्षेत्रमा बाघ, गैंडा, हात्तीले १० जनाको ज्यान लिएको छ भने गैंडा, हात्ती, बाघ, जंगली बदेल, भालु, चितुवा र मगर गोही लगायतका वन्यजन्तुको आक्रमणबाट ४७ जना घाईते भएका छन् । त्यसै गरी यस आ.व.मा मध्यवर्ती क्षेत्रमा बाघ, चितुवा, हात्ती, गैंडा लगायतका विभिन्न वन्यजन्तुहरूबाट १८७ जीउ पशुधन क्षति, ३३ वटा घरगोठ क्षति, १८ वटा भण्डारण गरेको अन्न क्षति र ५१८ वटा बाली नाली क्षति गरी जम्मा ८१३ वटा घटना भएको छ । गत आर्थिक वर्षमा यस निकुञ्ज क्षेत्रमा हालसम्म नभएको गौरीगाईको आक्रमणबाट समेत मानवीय मृत्यु भएको पाईन्छ । विशेषत निकुञ्जको पूर्वी र दक्षिणी क्षेत्रमा हात्ती र पश्चिमी क्षेत्रमा बाघसंग सम्बन्धित घटनाहरू बढ्दै गईरहेको देखिन्छ । मानव वन्यजन्तु घटनाको विवरण तालिकामा दिईएको छ । आ.व. २०८०/०८१ मा ८१३ वटा घटनाको लागि रु. २०२१७७०२ /- (दुई करोड एक्काइस लाख सात हजार सात सय दुई) राहत रकम वितरण गरिएको छ । मानव वन्यजन्तु द्वन्द्व सम्बन्धी विस्तृत विवरण अनुसूची-१३ मा राखिएको छ ।

१०.७ मध्यवर्ती क्षेत्रको वन व्यवस्थापन

यस निकुञ्जको मध्यवर्ती क्षेत्रमा २६४२१ हेक्टर वन क्षेत्र रहेको छ । जसमा साल वन १३०५३ हेक्टर, नदी तटीय वन १६५० हेक्टर र मिश्रित वन ११७०९ हेक्टर छ । मध्यवर्ती क्षेत्रमा भएका वन क्षेत्रलाई मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ मा भएको प्रावधान बमोजिम मध्यवर्ती सामुदायिक वन, मध्यवर्ती धार्मिक वन, र निजी वन गरी ४ किसिमले व्यवस्थापन गर्न सकिने छ । सबै प्रकारका वन र मध्यवर्ती क्षेत्र घोषणा हुनु अगाडि जिल्ला वन कार्यालय मकवानपुरबाट हस्तान्तरण भएका ३ वटा कवुलियती वन मध्यवर्ती क्षेत्रको सिमाना निर्धारण गर्दा मध्यवर्ती क्षेत्र भित्र परेकोले उक्त वनको पनि व्यवस्थापन हेर्ने जिम्मेवारी रहेको छ । मध्यवर्ती सामुदायिक वनको व्यवस्थापन गरी पर्या-पर्यटनको समेत विकास भई सामुदायिक वन उपभोक्ता समुह मार्फत स्थानीय उपभोक्ताहरूमा रोजगारी तथा आय आर्जनका अवसरहरू पनि प्राप्त भएका छन् ।

१०.७.१ मध्यवर्ती क्षेत्रको वन

मध्यवर्ती क्षेत्रभित्र रहेका तर स्थानीय उपभोक्ताहरूलाई हस्तान्तरण गरिएको वन क्षेत्र र निजी वन क्षेत्र बाहेकको वन क्षेत्रलाई कार्यालयबाट स्थानीय उपभोक्ताहरू समेतको सहयोगमा संरक्षण गरिदै आएको छ । यस अन्तरगत बरण्डाभार क्षेत्रको दुवै तर्फको आवादिबाट करिब ५०० मिटरसम्मको वन क्षेत्र स्थानीय उपभोक्ताहरूलाई मध्यवर्ती सामुदायिक वनको रूपमा हस्तान्तरण गरिएको छ भने सो भन्दा भित्रको वनलाई मध्यवर्ती क्षेत्र वनको रूपमा संरक्षण गरिँदै आएको छ । जसले चुरे र महाभारत पहाड जोड्ने जैविक मार्गको रूपमा काम गरेको छ । त्यस्तै गरी चितवनको माडी नगरपालिकाको दक्षिण तर्फको

वन क्षेत्र, पर्साको ठोरी गा.पा अन्तरगतको वन क्षेत्र, नवलपरासीको मध्यविन्दु न.पा. र विनयी त्रिवेणी गा.पा.को वन क्षेत्रहरू मध्ये आवादी तर्फको वन क्षेत्र उपभोक्ताहरूलाई मध्यवर्ती सामुदायिक वनको रूपमा व्यवस्थापन गर्न दिइएको छ भने बाँकी वन क्षेत्र स्थानीय उपभोक्ताहरू समेतको सहयोगमा यसै कार्यालयबाट मध्यवर्ती क्षेत्र वनको रूपमा संरक्षण गरिँदै आएको छ।

१०.७.२ मध्यवर्ती सामुदायिक वन

मध्यवर्ती क्षेत्रभित्रको वन व्यवस्थापन गर्न स्थानीय उपभोक्ताहरूले परापूर्व कालदेखि भोग चलन गर्दै आएको पायक पर्ने वन क्षेत्रलाई मध्यवर्ती सामुदायिक वनको रूपमा वन समूह गठन गरेर हस्तान्तरण गर्न सकिने कानुनी प्रावधान बमोजिम यस निकुञ्जको मध्यवर्ती क्षेत्रमा हाल सम्म ७६ वटा वन क्षेत्रको संरक्षणको लागि वन समूह गठन गरी संरक्षण थालिएको छ। जस मध्ये ३ वटा वन समूह मात्र दर्ता भएका छन् भने ७३ वटा मध्यवर्ती सामुदायिक वनहरू निकुञ्ज कार्यालय, सम्बन्धित उपभोक्ता र मध्यवर्ती सामुदायिक वन उपभोक्ता समुह वीच त्रिपक्षिय सम्झौता भै स्वीकृत वन कार्ययोजना अनुसार गर्ने गरी हस्तान्तरण गरिएको छ। यस आ.व.मा १ वटा नयाँ मध्यवर्ती सामुदायिक वन हस्तान्तरण भएको छ भने २३ वटा सामुदायिक वनको कार्ययोजना नविकरण गरिएको छ। आ.व.२०८०/०८१ सम्ममा हस्तान्तरण गरिएका ७३ वटा मध्यवर्ती सामुदायिक वनहरूको कूल क्षेत्रफल १५,२०७.२० हेक्टर छ। जसबाट ४८,७३६ घरधुरीका २,४६,४१३ जना लाभान्वीत भएका छन्। यस आर्थिक वर्षमा विधान दर्ता भएका, कार्ययोजना नविकरण भएका र हस्तान्तरण भएका वनको विवरण अनुसूची- १५ मा दिइएको छ।

मध्यवर्ती सामुदायिक वन सम्बन्धी गतिविधीहरू

वन समूहहरूले उपभोक्ता समिति तथा अन्य निकायहरूको समेत सहयोग लिई मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि पि.सी.सी.सहित मेषजाली लगाउने कार्य गरेका छन्। त्यस्तै वन समुहका नियमित कार्यक्रमहरूमा वन संरक्षण अन्तरगत आगलागी नियन्त्रण, चरिचरन नियन्त्रण, अग्निपथ निर्माण लगायतका कार्यहरू गरेका छन् भने वन सम्वर्द्धनमा झाडी सफाई, एक्ल्याउने, पत्ल्याउने कार्यहरू भएका छन्। सिमसार व्यवस्थापनका लागि तालहरू सफाई गर्ने, पोखरीहरू निर्माण गर्ने, सुख्खा समयमा पानी अभाव हुँदा पानीको आपूर्तिको लागि वातावरणमैत्री सोलार बोरिङ्ग निर्माण लगायतका कार्यहरू भएका छन। यसका अलवा पर्यटक व्यवस्थापनका लागि हरियाली पार्क, मचान निर्माण लगायतका आवश्यक पूर्वाधारहरू निर्माण गर्दै आइएका छन्। वन तथा वन्यजन्तु संरक्षणका लागि सिमसार व्यवस्थापनका साथै प्रचार प्रसारका कार्यक्रमहरू गरिएका छन।

१०.७.३ निजी वन

मध्यवर्ती क्षेत्रभित्रको आफ्नो हक पुग्ने जग्गा धनीले आफ्नो ईच्छा अनुसार मध्यवर्ती निजी वनका संरक्षण, विकास तथा वन पैदावरको उपभोग गर्न सक्ने व्यवस्था अनुसार आफ्नो निजी जग्गामा बृक्षारोपण गरी निजी वन व्यवस्थापन गर्न १३.७२ हेक्टर (२०-०५-०२.२५ विगाह क्षेत्रफल) क्षेत्रफल भएका १३ वटा मध्यवर्ती निजी वनहरू यस निकुञ्ज कार्यालयमा दर्ता भएका छन्। यसको सम्पुर्ण विवरण अनुसूची- १६ मा दिइएको छ।

१०.७.४ कबुलियती वन

मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली २०५२ मा कवुलियती वनको प्रावधान नभएता पनि मध्यवर्ती क्षेत्र घोषण हुनु पूर्व जिल्ला वन कार्यालय मकवानपुरबाट हस्तान्तरण भएका मध्यवर्ती घोषण भए पछि जिम्मेवारी सरी आएका ३ वटा कबुलियती वनहरू यस निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्दछन्। जस्को कूल क्षेत्रफल १९.६८ हेक्टर छ भने २१ घरधुरीका १६० व्यक्तिहरू लाभान्वित भएका छन्। कवुलियती वनको सम्पूर्ण विवरण अनुसूची-१७ मा दिईएको छ।

१०.८ निकुञ्जको मध्यवर्ती क्षेत्रमा वन अतिक्रमण व्यवस्थापन

यस निकुञ्जको मध्यवर्ती क्षेत्रको विभिन्न स्थानमा वन अतिक्रमण गरी मानव वस्ती बसोबास भएका छन्। अतिक्रमित क्षेत्रहरूको अनुगमन तथा नक्साङ्कन कार्यको लागि स्थानीय मानिसहरू तथा प्राविधिक समेतको सहभागितामा आर्थिक वर्ष

२०७२/७३ मा अतिक्रमण भएका क्षेत्रहरूको तथ्याङ्क अध्यावधिक गरि नक्साङ्कन कार्य गरिएको थियो । उक्त तथ्याङ्कलाई थप व्यवस्थित गर्दै निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको १५ स्थानमा साना ठूला गरी करिब १२१७.४६ हेक्टर क्षेत्र अतिक्रमण भएको देखिएको छ । थप अतिक्रमण हुन नदिन कार्यालयबाट नियमित रूपमा अतिक्रमित क्षेत्रको अनुगमन भएको छ । साथै सरोकारवाला निकायहरूसंग थप अतिक्रमण हुन नदिन समन्वय तथा सहकार्य भै रहेको छ भने पुरानो अतिक्रमण हटाउन विस्तृत कार्ययोजना तयार भई रहेको छ । विस्तृत विवरण अनुसूची-२२ मा राखिएको छ ।

१०.९ कार्यक्रमको अनुगमन

मध्यवर्ती क्षेत्रमा सञ्चालन भएका कार्यक्रमहरूको अनुगमन नियमित रूपमा हुने गरेको छ । कार्यक्रमको अनुगमन मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष, प्रमुख संरक्षण अधिकृत, मध्यवर्ती शाखाका कर्मचारीहरू, सव-ईन्जिनियर र फिल्ड स्तरमा सम्बन्धित सेक्टर र नजिकको रेञ्जपोष्टबाट नियमित रूपमा अनुगमन गर्ने कार्य गरिएको छ । समितिमा प्राप्त कार्यक्रम तथा बजेटको बारेमा उपभोक्ताहरूलाई जानकारी र सहभागी गराउने कार्य उपभोक्ता समितिले गरेको छ । त्यसै गरी यस आ.व.मा निकुञ्ज र मध्यवर्ती क्षेत्रमा भए गरेका गतिविधी तथा विकासका कार्यक्रम वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग लगायतका निकायहरूबाट समय समयमा अनुगमन भएको छ ।

१०.१० युवा जागरण अभियान

वन्यजन्तुको चोरी शिकार विरुद्ध जनचेतना अभिबृद्धि गर्ने कार्यमा युवाहरूलाई परिचालन गर्नको लागि मध्यवर्ती क्षेत्र उपभोक्ता समिति समुदायमा आधारित चोरशिकार नियन्त्रण युवा जागरण अभियान सञ्चालन गरिएको छ । यस कार्यलाई अझ बढी शसक्त र प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउन तथा समुदायको स्तरबाट तुरुन्त सम्बोधन गर्न र मानव-वन्यजन्तु बीच द्वन्द्व हुन नदिन स्थानीय समुदायमा चेतना फैलाउने, द्वन्द्व भएमा तुरुन्त उद्धार, उपचार तथा थप घटना घटन नदिन व्यवस्थापन गर्ने र अन्य प्रकोप भएमा पनि सक्रिय रूपमा सहभागी हुने, एक आपसमा समन्वय र सुचना आदान प्रदान गर्ने, घाईते, असहाय, टुहुरा, उद्धार गर्नु पर्ने वन्यजन्तुको उद्धार, रेखदेख गर्ने लगायतका कार्य गर्ने उद्देश्यले २२ वटा मध्यवर्ती उपभोक्ता समिति अन्तरगत प्रत्येक समितिमा समुदायमा आधारित चोरी शिकार नियन्त्रण युवा जागरण उप-समितिको गठन भएको छ । उक्त उप-समितिको उद्देश्य बमोजिम मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन तथा समस्यामा परेका वन्यजन्तुको उद्धार गर्ने कार्यमा समुदायको सकृय सहभागिता र समुदायबाट छिटो भन्दा छिटो उक्त कार्यको सम्बोधन गर्ने उद्देश्यका साथ प्रत्येक CBAPU मा % जनाको Rapid Response Team निर्माण भएको छ । सोको लागि प्रत्येक उपभोक्ता समितिबाट ५ जनाको दरले १९ समितिमा ९५ जना युवाहरू तयार भै काम गरिरहेको छ । जस्ले वन्यजन्तु उद्दार तथा चोरी शिकार र वन पैदावार चोरीनिकासी नियन्त्रणका काममा सहयोग पुयाउदै आईरहेका छन् ।

१०.११ निजी आवादीको वन पैदावार व्यवस्थापन

मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को नियम २३ बमोजिम मध्यवर्ती क्षेत्र भित्रको आफ्नो हक पुग्ने जग्गा धनीले आफ्नो ईच्छा अनुसार निजी वनको संरक्षण, विकास र उक्त बन पैदावार उपयोग गर्न पाउने व्यवस्था छ । उक्त नियमावलीको २३ (४) मा जग्गा धनीले मध्यवर्ती क्षेत्र बाहिर पनि स्वतन्त्र रूपमा काठ दाउराको ओसार पसार र विक्री वितरण गर्न पाउने प्रावधान रहे बमोजिम मध्यवर्ती क्षेत्रका बासिन्दाले निजी जग्गामा लगाई हुर्काएका काठ दाउरा विक्री वितरण गरिरहेका छन् । आ.व. २०७९/०८० मा निजी जग्गामा हुर्काएका सिसौं, सिमल, आँप, बकाईनो, इपिलईपिल, मसला, टिक, जामुन, कटहर, भेल्लर लगायतका जातका २१,१६५ घन.फिट काठ र ७४.५ चट्टा दाउरा संकलन तथा विक्रिवितरणको लागि अनुमति दिईएको छ ।

१०.१२ मध्यवर्ती क्षेत्रमा उद्योग स्थापना

मध्यवर्ती क्षेत्र भित्र विभिन्न प्रकारका घरेलु उद्योग स्थापनाको लागि घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता हुनु अगाडि उद्योग दर्ता गर्ने अधिकारीले मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को नियम २० बमोजिम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको सहमति लिनु पर्ने प्रावधान बमोजिम यस आ.व.मा घरेलु उद्योग दर्ताको लागि यस कार्यालयबाट विभिन्न १०० वटा उद्योगहरूको दर्ताको सिफारिस गरिएको छ । यस आ.व.मा उद्योग दर्ताको लागि सिफारिस गरिएको उद्योगहरूको विवरण अनुसूची-२७ मा राखिएको छ ।

अनुसूचीहरू

अनुसूची १ : वार्षिक प्रगति प्रतिवेदन

आ.ब. २०७९/८० को वार्षिक प्रगति

१.आर्थिक वर्ष: २०७९/८०

२.बजेट उपशीर्षक नं: ३२९०३१०१

३. मन्त्रालय: वन तथा वातावरण

४. आयोजना/कार्यालयको नाम: चितवन राष्ट्रिय निकुञ्ज कार्यालय

५. कार्यक्रम /आयोजनाको नाम: राष्ट्रिय निकुञ्ज तथा आरक्ष आयोजना

६. आयोजना/कार्यालय प्रमुखको नाम: डिल बहादुर पुर्जा पुन

७. यस अवधिको बजेट रू.: १८४३.१४

क. आन्तरिक (१) नेपाल सरकार :

(२) संस्था:

(३) जनसहभागिता:

ख. बैदेशिक (१) ऋण

(२) अनुदान :

८. यस अवधिको खर्च रकम र प्रतिसत: १४९६.० , ८१.१७%

क.आन्तरिक (१) नेपाल सरकार:

(२) स्थानीय निकाय/संस्था:

(३) जनसहभागिता

ख. बैदेशिक (१) ऋण

(२) अनुदान

९. चालु आ.ब.को हालसम्मको खर्च रकम र प्रतिसत: १४९६.०, ८१.१७%

१०. कुल लागत मध्य हालसम्म शुरु देखि यस अवधि सम्मको कुल खर्च रकम र प्रतिसत:

११. आयोजनाको शुरुदेखि यस अवधिसम्मको भौतिक प्रगती प्रतिसत : ८९.२९%

१२. आयोजनाको कुल अवधि मध्य बितेको समय प्रतिसतमा :

१३. यस त्रैमासिक अवधिको भौतिक प्रगति:: ८९.२९ %

(रकम रु. लाखमा)

क्र.स.	क्रियाकलापको बिवरण	खर्च शिर्षक	इकाई	आ.ब. २०७९/८० को वार्षिक लक्ष्य			वार्षिक प्रगति			सूँचांक मा आधारित उपलब्धी	कै.
				परिमाण	भार	बजेट	परिमाण	भार	बजेट		
अ) पुर्जीगत खर्च अन्तर्गतका कार्यक्रमहरु											
११.१.२.३	सेक्टर कार्यालय भवन निर्माण	३११२२	संख्या	१.०	०.०८	१.४	१.०	०.०८	१.४		
११.१.२.५	पोष्ट भवन निर्माण	३११२२	संख्या	१.०	२.७१	४९.९	१.०	२.७	४३.८९		
११.३.२.६	मोटरसाईकल/स्कुटर खरिद	३११२१	वटा	१.०	०.१६	३.०	१.०	०.१६	२.७२		
११.३.७.३	ल्यापटप खरिद	३११२२	वटा	२.०	०.१६	३.०	२.०	०.१६	२.९८		
११.३.७.४	डेस्कटप कम्प्युटर खरिद	३११२२	सेट	२.०	०.०९	१.६	२.०	०.०९	१.५९		

संरक्षण अधिकृत

प्रमुख संरक्षण अधिकृत

११.३.७.५	प्रिण्टर खरिद	३११२२	वटा	२.०	०.०३	०.६	२.०	०.०३	०.५६				
११.३.७.८	फोटोकपी मेशिन खरिद	३११२२	वटा	२.०	०.०८	१.५	२.०	०.०८	१.४५				
११.३.७.१२	डिजिटल क्यामेरा खरिद	३११२२	वटा	२.०	०.१६	३.०	२.०	०.१६	२.१६				
११.३.७.३२	बाईनाकुलर खरिद	३११२२	वटा	२.०	०.०३	०.४८	०.०	०.०	०.०				
११.३.७.८०	नाईट भिजन बाईनाकुलर खरिद	३११२२	वटा	२.०	०.०९	१.६	०.०	०.०	०.०				
११.३.७.८१	गोप्रो क्यामेरा खरिद	३११२२	वटा	२.०	०.११	२.०	२.०	०.११	१.४८				
११.३.७.८२	वर्सेसकेटर खरिद	३११२२	वटा	१.०	०.०८	१.५	१.०	०.०८	१.५				
११.३.१४.६	जि.पि.एस खरिद	३११२२	वटा	५.०	०.११	२.०	०.०	०.०	०.०				
११.४.२.१	वनपथ ग्राभेलिङ	३१११४	कि.मि.	१०.०	०.८१	१४.५२	१०.०	०.८१	१२.५६				
११.४.३.१	वनपथ निर्माण	३१११४	कि.मि.	१०.०	०.७३	१३.४	१०.०	०.७३	११.३५				
११.४.३.२	डढेलो नियन्त्रणका लागि अग्नीरेखा निर्माण	३१११४	कि.मि.	५.०	०.२७	५.०	५.०	०.२७	५.९				
११.४.५.१	गोरेटो बाटो निर्माण	३१११४	कि.मि.	१०.०	०.५४	१०.०	१०.०	०.५४	९.५				
११.४.७.१	काठेपुल निर्माण	३१११४	वटा	३.०	०.४९	९.०	३.०	०.४९	८.४९				
११.४.७.३	कलभर्ट निर्माण	३१११४	वटा	३.०	०.८१	१५.०	३.०	०.८१	१४.५६				
११.४.१६.१	खानेपानी निर्माण (पाईप जडान)	३१११६	वटा	१.०	०.११	२.०	०.०	०.०	०.०				
११.४.१६.४	खानेपानी मुहान संरक्षण तथा व्यवस्थापन	३१११६	वटा	१.०	०.११	२.०	०.०	०.०	०.०				
११.४.१६.५	खानेपानी ट्युवेल निर्माण	३१११६	वटा	२.०	०.०५	१.०	१.०	०.०३	०.५५				
११.४.१७.५२	घाँसे मैदान निर्माण	३१११७	हेक्टर	५०.०	०.६३	११.७	५०.०	०.६३	९.९२				
११.४.१७.५६.१	मेचजाली सहित तारबार निर्माण	३१११७	कि.मि.	७.०	६.८३	१२५.९	७.०	६.८३	१०२.२८				
११.४.१७.५६.५	हात्ती /चितुवा प्रभावित क्षेत्रमा सोलार आउटडोर स्याम्प जडान	३१११७	वटा	५.०	०.२७	५.०	५.०	०.२७	४.७७				
११.४.१७.५८	पोष्टमा सोलार जडान	३१११७	वटा	४.०	०.२२	४.०	४.०	०.२१	४.०				
११.४.१७.६२	पानी पोखरीमा बोरिङ सहितको सोलार जडान	३१११७	वटा	३.०	१.१	२०.२	३.०	१.१	१६.७३				
११.४.१७.६८	काठको स्यू टावर निर्माण	३१११७	वटा	१.०	०.४३	८.०	१.०	०.४३	७.७७				

११.४.१७.३१२	सामुदायिक वनको विधान/कार्ययोजना नविकरण	३११५७	वटा	१०.०	०.२७	५.०	१०.०	०.२७	५.०			
११.४.१७.११८	समस्यायुक्त वन्यजन्तुमा रेडियो कलर जडान	३११५७	वटा	१.०	०.३८	७.०	०.०	०.०	०.०			
११.४.२२.३	साईनबोर्ड /सूचना बोर्ड निर्माण	३११५९	वटा	१०.०	०.१६	३.०	१०.०	०.१६	२.५७			
११.४.२२.१४	सार्वजनिक शौचालय निर्माण	३११५९	वटा	१.०	०.२७	५.०	१.०	०.२७	५.०			
११.४.२२.१५	गोलघर/ प्रतिक्षालय निर्माण	३११५७	वटा	१.०	०.२७	५.०	१.०	०.२७	५.५७			
११.४.२२.१७	मोटर ग्यारेज निर्माण	३११५९	वटा	१.०	०.११	२.०	१.०	०.११	१.५७			
११.५.५.२	गोरेटो बाटो मर्मत	३११७१	कि.मि.	२५.०	०.४१	७.५	२५.०	०.४१	७.४२			
११.५.७.१	काठेपुल मर्मत	३११७१	वटा	२.०	०.१	१.५३	२.०	०.१	१.५२			
११.५.१६.४	वन्यजन्तुका खानेपानी पोखरी मर्मत	३११७१	वटा	५.०	०.२७	५.०	५.०	०.२७	५.६१			
११.५.१७.८	स्न्यू-टावर (मचान) मर्मत	३११७१	वटा	३.०	०.१६	३.०	३.०	०.१६	२.५६			
११.५.१७.९	साइनबोर्ड /सूचना बोर्ड मर्मत	३११७१	वटा	०.०	०.०	०.०	०.०	०.०	०.०			
११.५.१७.११	प्रतिक्षालय / गोल घर मर्मत	३११७१	वटा	१.०	०.०५	१.०	१.०	०.०५	०.५८			
११.५.१७.२८	निकुञ्जको सुबिधा प्राप्त बाटो/ मार्गको झाडि सफाई	३११७१	कि.मि.	२०.०	०.२६	५.८६	२०.०	०.२६	५.८६			
११.५.२२.३	पोष्ट भवन मर्मत	३११७१	वटा	५.०	०.२७	५.०	५.०	०.२७	३.६६			
११.५.२२.७	बन्दीगृह मर्मत सुधार	३११७१	वटा	०.०	०.०	०.०	०.०	०.०	०.०			
११.५.२२.१०	चौपालघर मर्मत	३११७१	वटा	२.०	०.०३	०.६२	२.०	०.०३	०.६२			
११.५.२२.११	बिजुली बाडरिंग मर्मत	३११७१	वटा	५.०	०.१५	२.५	५.०	०.१५	१.९२			
११.८.१३.१५	कार्यालयको लागि फर्निचर खरिद	३११२३	पटक	१.०	०.१६	३.०	१.०	०.१६	३.०			
११.१.२.१४३	आवास भवनमा हुल निर्माण	३११११	वटा	१.०	०.५४	१०.०	०.०	०.०	०.०			
	का पुजीगत खर्च अन्तर्गतका कार्यक्रमहुको जम्मा					३१.१५	३५०.११		१९.७५	३२१.९२		
	आ) चालु खर्च अन्तर्गतका कार्यक्रमहरु											
२.६.२.५२	कर्मचारीलाई वन्यजन्तु उद्धार तथा व्यवस्थापन तालिम	२२७११	पटक	१.०	०.०५	०.७	१.०	०.०५	०.७			

२.६.३.४	मेलस्काउट/सेनालाई पुनर्ताजगी तालिम	२२७११	जना	०.०	०.०	०.०	०.०	०.०	०.०	०.०	०.०		
२.६.५.६	वन्यजन्तुको आनीवानी सम्बन्धी सचेतना गोष्ठी	२२७१२	पटक	१.०	०.०३	०.५	१.०	०.०	०.०३	०.५			
२.६.६.४	सरोकारवालासग संरक्षण सम्बन्धी अन्तरक्रिया गोष्ठी	२२७१२	पटक	१.०	०.०३	०.५	१.०	०.०	०.०३	०.५			
२.६.६.११	वन्यजन्तु अपराध नियन्त्रण ब्यूरो बैठक /गोष्ठी	२२७१२	पटक	१.०	०.०३	०.५	१.०	०.०	०.०३	०.५			
२.६.६.१४	मानव-वन्यजन्तु द्वन्द्व न्यूनिकरण सचेतना गोष्ठी	२२७१२	पटक	०.०	०.०	०.०	०.०	०.०	०.०	०.०			
२.७.५.६	वार्षिक प्रगति प्रतिवेदन पुस्तिका प्रकाशन	२२७२२	संख्या	१००.०	०.०५	१.०	१००.०	०.०५	०.०५	०.९९			
२.७.५.७	संरक्षण सम्बन्धी प्रचार सामग्री उत्पादन तथा वितरण	२२७२२	पटक	१.०	०.०५	१.०	१.०	०.०५	०.०५	०.९९			
२.७.५.८	संरक्षण सम्बन्धी संचार माध्यमबाट प्रचार प्रसार	२२७२२	महिना	१२.०	०.०२	०.३५	१२.०	०.०२	०.०२	०.३५			
२.७.७.९५	घडियाल गोही/कछुवा संरक्षण तथा व्यवस्थापन	२२७२२	निरन्तर	१.०	१.९	३५.०	०.७५	१.४२	२६.२५				
२.७.७.९६	गिद्ध संरक्षण तथा व्यवस्थापन	२२७२२	निरन्तर	१.०	०.५२	९.६१	१.०	०.५२	९.६१				
२.७.२१.२	घाँसे मैदान व्यवस्थापन	२२७२२	हेक्टर	२२५.०	०.८९	१६.४५	२२५.०	०.८९	१४.५				
२.७.२१.५	मिचाहा मजानी नियन्त्रण	२२७२२	हेक्टर	१५.०	०.१२	२.२५	१५.०	०.१२	२.२१				
२.७.२१.७	बरामद वन पैदावार व्यवस्थापन	२२७२२	पटक	०.०	०.०	०.०	०.०	०.०	०.०				
२.७.२१.८	आखेटोपहार व्यवस्थापन	२२७२२	पटक	१.०	०.०	०.०८	१.०	०.०	०.०८				
२.७.२१.१०	चोरी शिकार नियन्त्रण स्क्वि अपरेसन	२२७२२	पटक	१२.०	०.१	१.८५	६.०	०.०६	१.०५				
२.७.२१.११	चोरी शिकार नियन्त्रणका लागि युवा परिचालन	२२७२२	पटक	८.०	०.०३	०.५	८.०	०.०३	०.५				
२.७.२१.१३.१	संरक्षित क्षेत्रका सरोकारवालाहरुसग अन्तरक्रिया (ईढलो व्यवस्थापन)	२२७२२	पटक	०.०	०.०	०.०	०.०	०.०	०.०				
२.७.२१.१३.२	ईढलो सचेतना तालिम (उपभोक्ता समूह स्तर)	२२७२२	पटक	०.०	०.०	०.०	०.०	०.०	०.०				
२.७.२१.१३.४	गाउँ बस्ति नजिक ईढलो जोखिमयुक्त वन क्षेत्रको व्यवस्थापन	२२७२२	पटक	०.०	०.०	०.०	०.०	०.०	०.०				
२.७.२१.१३.६	वन ईढलो व्यवस्थापन सम्बन्धी संचार माध्यमबाट प्रचार प्रसार	२२७२२	पटक	०.०	०.०	०.०	०.०	०.०	०.०				
२.७.२१.१३.७	सेना, प्रहरी, प्रशासन, नागरिक समाजसगको सहकार्यमा ईढलो नियन्त्रण	२२७२२	पटक	०.०	०.०	०.०	०.०	०.०	०.०				
२.७.२१.१४	दुहुरा तथा समस्याग्रस्त वन्यजन्तु व्यवस्थापन	२२७२२	पटक	५.०	०.०२	०.३२	५.०	०.०२	०.३२				
२.७.२१.१७	पर्यटकिय क्षेत्रको फोहोर मैला व्यवस्थापन (सरसफाई)	२२७२२	पटक	५.०	०.०१	०.२५	५.०	०.०१	०.२५				

२.७.२१.२५२	सुराकी व्यवस्थापन	२२५२२	पटक	५.०	०.०८	१.५	५.०	०.०८	१.५				
२.७.२५.१७	मुद्दा अनुसन्धान तथा तहकिकात	२२५२२	पटक	१६.०	०.०२	०.४	१६.०	०.०२	०.४				
२.७.२५.१८	वन्यजन्तुबाट हुँदा बनाइएका बालबालिकालाई छात्रवृत्ति	२२५२२	जना	०.०	०.०	०.०	०.०	०.०	०.०				
२.७.२७.५	संरक्षित क्षेत्रभित्र लाग्ने मेला व्यवस्थापन	२२५२९	पटक	०.०	०.०	०.०	०.०	०.०	०.०				
२.७.२७.६	वन्यजन्तु सप्ताह (१-७ वैशाख)	२२५२९	पटक	०.०	०.०	०.०	०.०	०.०	०.०				
२.७.२७.८	बाघ दिवस (जुलाई २९)	२२५२९	पटक	१.०	०.०५	१.०	१.०	०.०५	१.०				
२.७.३१.२७०	ज्यालादारी कमाद्दारबाट घाँसे मैदान व्यवस्थापन (२ ब्लक)	२२५२२	जना	१.०	०.०३	०.५६	१.०	०.०३	०.५६				
२.७.२७.१८	चितवन रा.नि.को ५०औं वार्षिक उत्सव	२२५२९	पटक	१.०	०.२७	५.०	१.०	०.२७	५.९				
७.२.८.१	वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग	२७२१२	निरन्तर	५.०	१६.४४	३०३.०	३.०	१२.३३	११५.७४				
	ख) चालु खर्च अन्तर्गतका कार्यक्रमहरुको जम्मा				२०.७३	३८२.३६		२०.७३	२७४.०४				
	ग) कार्यक्रम तर्फको जम्मा (क + ख)				२५.३६	७७२.५७		२९.५८	७५५.९७				
	प्रशासनिक खर्च				५८.०९	१०७०.६७		५८.८३	९००.०५				
	कुल जम्मा खर्च (ग + प्रशासनिक खर्च)				८३.४५	१८५३.१४		८८.४१	१४५५.१२				

तयार गर्नको दस्तखतः

नाम : सितराम फुयाल

पद : रेञ्जर

मितिः

चेक गर्नको दस्तखतः

नाम : महेश न्यौपाने

पद : संरक्षण अधिकृत

मितिः

स्वीकृत गर्नको दस्तखतः

नाम : डिल बहादुर पुर्जा पुन

पद : प्रमुख संरक्षण अधिकृत

मितिः

आ.ब. २०७९/८० को वार्षिक प्रगति

१.आर्थिक वर्ष: २०७९/८०

२.बजेट उपशीर्षक नं: ३२९०३०११

३. मन्त्रालय: वन तथा वातावरण

४. आयोजना/कार्यालयको नाम: चितवन राष्ट्रिय निकुञ्ज कार्यालय

५. कार्यक्रम /आयोजनाको नाम: राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

६. आयोजना/कार्यालय प्रमुखको नाम: डिल बहादुर पुर्जा पुन

७. यस अवधिको बजेट रु : ३१८.७५

क. आन्तरिक (१) नेपाल सरकार :

(२) संस्था:

(३) जनसहभागिता:

ख. वैदेशिक (१) ऋण

(२) अनुदान :

८. यस अवधिको खर्च रकम र प्रतिसत: ३०७.६६ , ९६.५२%

क.आन्तरिक (१) नेपाल सरकार:

(२) स्थानीय निकाय/संस्था:

(३) जनसहभागिता

ख. वैदेशिक (१) ऋण

(२) अनुदान

९. चालु आ.ब.को हालसम्मको खर्च रकम र प्रतिसत: ३०७.६६, ९६.५२%

१०. कुल लागत मध्य हालसम्म शुरु देखि यस अवधि सम्मको कुल खर्च रकम र प्रतिसत:

११. आयोजनाको शुरुदेखि यस अवधिसम्मको भौतिक प्रगती प्रतिसत : १००.०%

१२. आयोजनाको कुल अवधि मध्य बितेको समय प्रतिसतमा :

१३. यस त्रैमासिक अवधिको भौतिक प्रगति:: १००.० %

(रकम रू. लाखमा)

क्र.स.	क्रियाकलापको बिबरण	खर्च शिर्षक	इकाई	आ.बा. २०७९/८० को बार्षिक लक्ष्य			वार्षिक प्रगति			सूँचांक मा आधारित उपलब्धी	कै.
				परिमाण	भार	बजेट	परिमाण	भार	बजेट		
आ) चालु खर्च अन्तर्गतका कार्यक्रमहरु											
५.१.७.१	मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यक्रम(नि:शर्त चालु अनुदान (कार्यक्रम खर्च))	२६४११	पटक	२.०	१००.१	३१८.७५	१.०	५०.०	१४७.०१		
	ख) चालु खर्च अन्तर्गतका कार्यक्रमहरुको जम्मा				१००.०	३१८.७५		१००.०	३०७.६६		
	ग) कार्यक्रम तर्फको जम्मा (क + ख)										

तयार गर्नेको दस्तखत:

नाम : सिताराम फुयाल

पद : रेञ्जर

मिति:

चेक गर्नेको दस्तखत:

नाम : महेश न्यौपाने

पद : संरक्षण अधिकृत

मिति:

स्वीकृत गर्नेको दस्तखत:

नाम : डिल बहादुर पुर्जा पुन

पद : प्रमुख संरक्षण अधिकृत

मिति:

आ.ब. २०७९/८० को वार्षिक प्रगति

१.आर्थिक वर्ष: २०७९/८०

२.बजेट उपशीर्षक नं: ३२९०३०१३

३. मन्त्रालय: वन तथा वातावरण

४. आयोजना/कार्यालयको नाम: चितवन राष्ट्रिय निकुञ्ज कार्यालय

५. कार्यक्रम /आयोजनाको नाम: हात्तीसारहरु

६. आयोजना/कार्यालय प्रमुखको नाम: हरिभद्र आचार्य

७. यस अवधिको बजेट रु.: ९२५.३५

क. आन्तरिक (१) नेपाल सरकार :

(२) संस्था:

(३) जनसहभागिता:

ख. बैदेशिक (१) ऋण

(२) अनुदान :

८. यस अवधिको खर्च रकम र प्रतिसत: ८५४.६२ , ९२.३६%

क.आन्तरिक (१) नेपाल सरकार:

(२) स्थानीय निकाय/संस्था:

(३) जनसहभागिता

ख. बैदेशिक (१) ऋण

(२) अनुदान

९. चालु आ.ब.को हालसम्मको खर्च रकम र प्रतिसत: ८५४.६२, ९२.३६%

१०. कुल लागत मध्य हालसम्म शुरु देखि यस अवधि सम्मको कुल खर्च रकम र प्रतिसत:

११. आयोजनाको शुरुदेखि यस अवधिसम्मको भौतिक प्रगती प्रतिसत : ९३.४८%

१२. आयोजनाको कुल अवधि मध्य बितेको समय प्रतिसतमा :

१३. यस त्रैमासिक अवधिको भौतिक प्रगति:: ९३.४८ %

(रकम रु. लाखमा)

क्र.स.	क्रियाकलापको बिबरण	खर्च शिर्षक	इकाई	आ.ब. २०७९/८० को बार्षिक लक्ष्य			वार्षिक प्रगति			सूँचांकमा आधारित उपलब्धी	कै.
				परिमाण	भार	बजेट	परिमाण	भार	बजेट		
अ) पुजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु											
११.१२.८१	हात्तीको दाना राख्ने स्टोर भवन निर्माण	३१११२	संख्या	१.०	४.३२	४०.०	१.०	४.३३	३०.७५		
११.४.१७.५६.४	हात्ती /चितुवा प्रभावित क्षेत्रमा सोलार आउटडोर ल्याम्प जडान	३११५७	वटा	३.०	०.३२	३.०	३.०	०.३२	३.०		
११.४.१७.५८	पोष्टमा सोलार जडान	३११५७	वटा	२.०	०.२२	२.०	२.०	०.२२	१.९९		
११.१.२.१३	हात्तीको सेडघर निर्माण	३१११२	संख्या	१.०	१.०८	१०.०	१.०	१.०८	९.९३		
११.४.२२.१४	सार्वजनिक शौचालय निर्माण	३११५९	वटा	१.०	०.५४	५.०	१.०	०.५४	४.४९		
११.४.२२.६७	हात्तीको हौंदा, गद्दा, धर्ना, छनुवा निर्माण	३११५९	वटा	१.०	०.३२	३.०	१.०	०.३२	३.०		
११.५.१६.३	खानेपानी मर्मत (ट्युवेल)	३११७१	वटा	०.०	०.०	०.०	०.०	०.०	०.०		
११.५.१७.११	प्रतिक्षालय / गोल घर मर्मत	३११७१	वटा	०.०	०.०	०.०	०.०	०.०	०.०		
११.५.२२.२	कार्यालय भवन मर्मत सुधार	३११७१	वटा	०.०	०.०	०.०	०.०	०.०	०.०		
११.५.२२.४	हात्तीको सेड घर मर्मत संभार	३११७१	वटा	०.०	०.०	०.०	०.०	०.०	०.०		
११.५.२२.१०	शौचालय मर्मत	३११७१	वटा	०.०	०.०	०.०	०.०	०.०	०.०		
११.५.२२.११	बिजुली वाइरिंग मर्मत	३११७१	वटा	०.०	०.०	०.०	०.०	०.०	०.०		
११.५.२२.१६	हात्तीको हौंदा, गद्दा मर्मत सुधार	३११७१	वटा	१.०	०.११	१.०	१.०	०.११	०.९९		
११.५.२२.१७	हात्ती चढ्ने मचान मर्मत सुधार	३११७१	वटा	०.०	०.०	०.०	०.०	०.०	०.०		
११.६.१३.१४	कार्यालयको लागि फर्निचर खरिद	३११२३	पटक	१.०	०.११	१.०	१.०	०.११	०.९८		
	क) पुजीगत खर्च अन्तर्गतका कार्यक्रमहरुको जम्मा				७.०२	६५.०		७.०२	५५.१३		
आ) चालु खर्च अन्तर्गतका कार्यक्रमहरु											
२.६.२.३८	हात्तीसारका कार्मघारिलाई वन्यजन्तु उद्धार तथा व्यवस्थापन तालिम	२२५११	पटक	२.०	०.३२	३.०	२.०	०.३२	३.०		

संरक्षण अधिकृत

प्रमुख संरक्षण अधिकृत

२.६.३.८	हात्तीसारका कर्मचारीलाई हात्ती व्यवस्थपन तालिम	२२३१	पटक	२.०	०.३२	३.०	२.०	०.३२	३.०		
२.६.४.५	वच्चा हात्तीलाई तालिम	२२५१२	वटा	४.०	०.३२	३.०	४.०	०.३२	३.०		
२.७.२१.९१	हात्तीसार व्यवस्थापन	२२५२२	पटक	१.०	१.०८	१०.०	१.०	१.०८	९.४		
	ख) चालु खर्च अन्तर्गतका कार्यक्रमहरुको जम्मा				२.०४	१९.०		३.०४	१८.४		
	ग) कार्यक्रम तर्फको जम्मा (क + ख)				३.०४	८४.०		८.४३	७३.५३		
	प्रशासनिक खर्च				९०.९२	८४१.३५		८४.४१	७८१.०९		
	कुल जम्मा खर्च (ग + प्रशासनिक खर्च)				९२.९६	९२५.३५		९२.८३	८५४.६२		

तयार गर्नेको दस्तखत:

नाम : सिताराम फुयाल

पद : रेञ्जर

मिति:

चेक गर्नेको दस्तखत:

नाम : महेश न्यौपाने

पद : संरक्षण अधिकृत

मिति:

स्वीकृत गर्नेको दस्तखत:

नाम : डिल बहादुर पुर्जा पुन

पद : प्रमुख संरक्षण अधिकृत

मिति:

राष्ट्रिय निकुञ्ज तथा आरक्ष आयोजना

बजेट रु. लाखमा			खर्च रु. लाखमा			वित्तीय प्रगति प्रतिशत		
चालु	पूजींगत	जम्मा	चालु	पूजींगत	जम्मा	चालु	पूजींगत	जम्मा
१४५३.०३	३९०.१	१८४३.१	११७४.४४	३२१.९२	१४९६.४	८०.८३	८२.५२	८१.१९

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

बजेट रु. लाखमा			खर्च रु. लाखमा			वित्तीय प्रगति प्रतिशत		
चालु	पूजींगत	जम्मा	चालु	पूजींगत	जम्मा	चालु	पूजींगत	जम्मा
३१८.७५	०.	३१८.७५	३०७.६६	०.	३०७.६६	०.९७	०.	९६.५२

हात्तीसार

बजेट रु. लाखमा			खर्च रु. लाखमा			वित्तीय प्रगति प्रतिशत		
चालु	पूजींगत	जम्मा	चालु	पूजींगत	जम्मा	चालु	पूजींगत	जम्मा
८६०.३५	६५.००	९२५.३५	७९९.४९	५५.१३	८५४.६२	९२.९३	८४.८२	९२.३६

अनुसूची २ : हात्तीको विवरण

क्र. सं.	हात्तीको नाम	लिंग	जन्म मिति	उमेर	माउ हात्तीको नाम	स्वस्थ्य अवस्था	हाल रहेको स्थान	कैफियत
१	बहादुरगज	भाले	२२/१२/२०४९	२९	रामप्यारि	स्वस्थ	सौराहा	खोरसोरमा जन्म
२	मोतिप्रसाद	भाले	२०३५	४३	-	स्वस्थ	बादरभूला	सर्लाहि
३	बिनायक प्रसाद	भाले	२०१३	६५	-	स्वस्थ	गिदेनी	भारतबाट खरिद
४	देविकलि	पोथी	२०१७	३१	-	स्वस्थ	सौराहा	भारतबाट खरिद
५	रामगज सानो	भाले	११/०७/२०६५	१३	"	स्वस्थ	बेलसहर	"
६	गणेशकलि	पोथी	२०४५-०३	३३	रुपकलि	स्वस्थ	बगाई	कोशि टप्पु
७	चुरेगज	भाले	२७/०२/२०६५	१३	"	स्वस्थ	खोरसोर	खोरसोर
८	कसरागज	भाले	०१/०१/२०६९	९	"	स्वस्थ	प्यारीढ्याप	"
९	कृष्णचन्दगज	भाले	०३/०४/२०७४	४	"	स्वस्थ	लामिचौर	"
१०	कमलप्रसाद	भाले	१६/०७/२०७५	३	"	स्वस्थ	सौराहा	"
११	कर्णालीकली	पोथी	०२/०४/२०५५	२३	सितष्माकलि	स्वस्थ	सौराहा	खोरसोर
१२	अम्बेकलि	पोथी	२०/१०/२०७२	५	"	स्वस्थ	सिसवार	"
१३	मन बहादुर गज	भाले	२०७५-१०	३	"	स्वस्थ	दिव्यपूरी	"
१४	लम्बोदर प्रसाद	भाले	२०११	६७	-	स्वस्थ	खोरसोर	भारतबाट खरिद
१५	कृष्ण प्रसाद गज	भाले	२०६२	१६		स्वस्थ	बादरभूला	
१६	लक्ष्मण गज	भाले	२०६५	१३		स्वस्थ	सौराहा	
१७	धिरेन्द्रकलि	भाले	२०१०	६८	-	वृद्ध	दिव्यपूरी	जंगलमा समाएको
१८	कोशीकलि	पोथी	२०४५	३३	धिरेन्द्रकलि	स्वस्थ	गिदेनी	
१९	अमलटारीगज	भाले	०९/११/२०६४	१४	कोसिकलि	स्वस्थ	सौराहा	खोरसोर
२०	कोमलकलि	पोथी	२०२८	५०	-	बिरामी	कसरा	भारतबाट
२१	तमोरकलि	पोथि	०१/०७/२०६०	१८	कोमलकलि	स्वस्थ	कसरा	खोरसोर
२२	विश्वगज	भाले	०३/०८/२०७५	३	तमोरकलि	स्वस्थ	सिसवार	"
२३	प्रेरेणाकलि	पोथि	२०४४-१०	३४	त्रिभुवनकलि	स्वस्थ	कसरा	
२४	गन्डगिकलि	पोथी	३०/०५/२०५४	२४	प्रेरणाकलि	स्वस्थ	खोरसोर	खोरसोर
२५	हिमालगज	भाले	११/११/२०६४	१५	"	स्वस्थ	खोरसोर	"
२६	हिमानिकलि	पोथी	०४/०३/२०५८	२०	पुजाकलि	स्वस्थ	खोरसोर	खोरसोर
२७	टेकगज	भाले	०५/०२/२०७०	१०	"	स्वस्थ	खोरसोर	"
२८	रुद्रकलि	पोथी	२३/०६/२०७५	३	"	स्वस्थ	खोरसोर	"
२९	रामप्यारी	पोथी	२०२५	५३	-	वृद्ध	सूखिभार	सर्लाहि
३०	चितवनकलि	पोथि	०३/०८/२०४६	३२	रामप्यारि	गर्भिणी	कछुवानी	खोरसोर
३१	रिमझिमकलि	पोथी	०५/०३/२०७०	८	"	स्वस्थ	कसरा	"
३२	सिमसिमकलि	पोथी	२८/१२/२०७२	५	चितवनकलि	स्वस्थ	खोरसोर	"
३३	शशिकलि	पोथी	२०२०	५८	-	स्वस्थ	खोरसोर	सर्लाहि
३४	शेरप्रसाद	भाले	०१/०६/२०६१	१७	"	स्वस्थ	खोरसोर	"
३५	माडिगज	भाले	२८/०८/२०६८	१०	नारायणिकलि	स्वस्थ	प्यारी९ाप	"
३६	लक्किगज	भाले	३०/१०/२०७२	७	"	स्वस्थ	सूखिभार	"
३७	लक्ष्मिकलि	पोथी	२०३२	४६	-	स्वस्थ	खोरसोर	-
३८	लोकतन्त्रकलि	पोथी	१०/०८/२०६३	१५	लक्ष्मिकलि	स्वस्थ	कछुवानी	"

क्र. सं.	हात्तीको नाम	लिंग	जन्म मिति	उमेर	माउ हात्तीको नाम	स्वस्थ्य अवस्था	हाल रहेको स्थान	कैफियत
३९	सिमसारकलि	पोथी	०२/०१/२०६६	१२	"	स्वस्थ	सौराहा	"
४०	बुद्धगज	भाले	२०७५-१२	३	लोकत्रन्तकलि	स्वस्थ	कसरा	"
४१	सोनाकलि	पोथी	२००६	७२	-	वृद्ध	बेलसहर	सर्लाहिबाट
४२	ऐशर्यमाला	पोथी	२०३५	४३	-	स्वस्थ	कसरा	
४३	गोपालगज	भाले	०६/०६/२०७६	२	हिमानिकलि	स्वस्थ	खोरसोर	खोरसोर
४४	खगेन्द्रप्रसाद	भाले	०९/११/२०७५	३	कोसिकलि	स्वस्थ	खोरसोर	खोरसोर
४५	शनिदेवगज	भाले	१७/११/२०७६	२	देविकलि	स्वस्थ	खोरसोर	खोरसोर
४६	भद्रगज	भाले	२०७८/०१/२१	२	हिमानीकली	स्वस्थ	खोरसोर	खोरसोर
४७	शिवगज	भाले	२०७८/११/१७	१	तमोरकली	स्वस्थ	खोरसोर	खोरसोर
४८	पेमगज	भाले	२०७८/११/१९	१	चितवनकली	स्वस्थ	खोरसोर	खोरसोर
४९	रमेशगज	भाले	२०७९/०३/१७		ऐश्वर्यमाला	स्वस्थ	खोरसोर	खोरसोर
५०	स्वर्णकलि	पोथी	२०७९/०५/२६		लोकतन्त्रकली	स्वस्थ	खोरसोर	खोरसोर
५१	विजयगज	भाले	२०८०/०२/२६		गणेशकली	स्वस्थ	खगेंद्रमल्ली	खगेंद्रमल्ली
५२	दिलगज	भाले	२०८१/०२/१२		कर्णालीकली	स्वस्थ	खोरसोर	खोरसोर
५३	दिपाकली	पोथी	२०८१/०२/१६		हिमालीकली	स्वस्थ	खोरसोर	खोरसोर
५४	सिसवानकली	पोथी			स्वर्णकली	स्वस्थ	खोरीयामुहान	कोशि टप्पुबाट काजमा ल्याइएको
५५	स्वर्णकली	पोथी				स्वस्थ	खोरीयामुहान	कोशि टप्पुबाट काजमा ल्याइएको
५६	कुष प्रसाद	भाले				स्वस्थ	खोरसोर	कोशि टप्पुबाट काजमा ल्याइएको
५७	सिमसारगज	भाले				स्वस्थ	खोरसोर	कोशि टप्पुबाट काजमा ल्याइएको

अनुसूची ३ : Detail of Gharials translocating/ Released in 2080/81

S.N	Hatchling Year	Released date	River		Sex		Total	Remarks
			River	Ghat	Male	Female		
1	2018(10)	7/5/2080	Rapti	Kasaraghat		10	10	
2	2019 (20)	12/17/2080	Rapti	Kasaraghat	1	19	20	
3	2019(17), 2016(1), 2017(2)	12/21/2080	Rapti	Kasaraghat	6	14	20	
4	2019(18), 2016(2)	1/14/2081	Rapti	Kasaraghat	2	18	20	
5	2018(12), 2019(13)	12/1/2080	Chaudhar (SpNP)		3	22	25	
6	2017(9), 2019(1)		Western rapti (BaNP)		1	9	10	
				Total	13	92	105	

अनुसूची ३ (क) : घडियाल संरक्षण प्रजनन् केन्द्रमा प्रजनन् भएका घडियाललाई देशका मूख्य नदीहरुमा छोडिएको विवरण

Gharials Released in different River Systems of Nepal

Number of Gharials Released after breeding in Captivity

S.N.	Release Year	Narayani River	Rapti River	Kali Gandaki Gandaki River	Sapta Koshi River	Karnali River	Babai River	Shukla NP (Chaudhar River)	Western Rapti	Total
1	1981	50	0	0	0	0	0	0	0	50
2	1982	50	0	0	0	0	0	0	0	50
3	1983	25	0	35	42	0	0	0	0	102
4	1984	15	0	0	0	0	0	0	0	15
5	1985	0	5	0	0	0	0	0	0	5
6	1986	0	0	0	43	0	0	0	0	43
7	1987	43	0	0	0	0	0	0	0	43
8	1988	0	0	0	0	0	0	0	0	0
9	1989	0	0	0	0	0	0	0	0	0
10	1990	25	0	0	0	0	30	0	0	55
11	1991	0	0	0	0	0	20	0	0	20
12	1992	38	0	0	0	20	0	0	0	58
13	1993	5	0	0	0	0	0	0	0	5
14	1994	0	0	0	0	0	0	0	0	0
15	1995	27	0	0	0	3	0	0	0	30
16	1996	19	0	0	0	0	0	0	0	19
17	1997	10	0	0	0	0	0	0	0	10
18	1998	15	5	0	0	0	0	0	0	20
19	1999	0	7	0	0	0	0	0	0	7
20	2000	7	0	0	0	0	0	0	0	7
21	2001	0	0	0	0	0	0	0	0	0
22	2002	10	0	0	0	0	0	0	0	10
23	2003	36	0	0	0	0	0	0	0	36
24	2004	0	20	0	0	0	0	0	0	20
25	2005	0	10	0	0	0	0	0	0	10
26	2006	0	20	0	0	0	0	0	0	20
27	2007	24	32	0	0	0	0	0	0	56
28	2009	0	17	0	0	0	0	0	0	17
29	2010	0	20	0	10	3	10	0	0	43
30	2011	0	10	0	0	0	0	0	0	10
31	2012	0	100	0	0	0	0	0	0	100

S.N.	Release Year	Narayani River	Rapti River	Kali Gandaki Gandaki River	Sapta Koshi River	Karnali River	Babai River	Shukla NP (Chaudhar River)	Western Rapti	Total
32	2013	0	60	0	0	0	0	0	0	60
33	2014	0	35	0	0	0	50	0	0	85
34	2015	0	35	0	0	15	0	0	0	50
35	2016	0	100	0	0	0	0	0	0	100
36	2017	0	90	0	0	0	0	0	0	90
37	2018	0	119	0	0	0	0	0	0	119
38	2019	0	100	0	0	0	0	0	0	100
39	2020	0	50	0	0	0	0	0	0	50
40	2021	0	70	0	0	0	0	0	0	70
41	2022	20	67	0	20	0	0	0	0	107
42	2023	0	170	0	0	0	0	0	0	170
43	2024	0	101	0	0	0	0	25	10	136
Total		419	1243	35	115	41	110	25	10	1998

अनुसूची ४ : वन्यजन्तु उद्धार सम्बन्धी विवरण (२०८०/०८१)

